

प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्य बाट बुद्धभूमि न.पा. ३ मा सञ्चालित वित्तीय कक्षाको अनुगमन गर्दै।



नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ बाट बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई श्रम स्वीकृत तथा पुन:श्रम स्वीकृत प्रमाणपत्र प्रदान गर्दै।




प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुब प्रसाद नेपालबाट बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई श्रम स्वीकृति तथा पुन:श्रम स्वीकृत प्रमाणपत्र प्रदान गर्दै।

प्राविधिक सहयोग: HELVETAS SaMi

# बुद्धभूमि नगरपालिकाको वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०८०

# BuddhaBhumi Migration Profile 2080






बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुडढी, कपिलवस्तु, नेपाल
वेभसाइट: www.buddhabhummun.gov.np., e-mail: buddhabhumi.mun@gmail.com

# प्राक्कथन



नेपाल संघीयतामा प्रवेश गरे सँगै नेपालको संविधान २०७२ ले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । संविधानले यी तिनै तहका सरकारको आ-आफ्नो अधिकार क्षेत्रको सुनिश्चित गरेको छ । स्थानीय सरकार आफ्नो एकल अधिकार सूचीका बिषयमा कानुन बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने अधिकार राख्दछ । संवैधानिक व्यवस्था अन्तर्गत गठन भएको बुद्धभूमि नगरपालिकाको आफ्नो अधिकार क्षेत्र अन्तर्गत रहेर जनताको सुविधालाई मध्यनजर गर्दै आफ्ना नीति तथा विकासका योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । बुद्धभूमि नगरपालिकाको वार्षिक, आवधिक तथा दिर्घकालीन योजना निर्माण गर्ने लगायत हरेक चरणका कार्यहरु योजनावद्ध ढंगले अगाडी बढाउन नगरपालिकाको वस्तुगत विवरण अति आवश्यक हुन्छ । यस्ता पक्षलाई मध्यनजर गर्दै यस नगरपालिकाले आफ्नो क्षेत्र भित्रको भौतिक, सामाजिक, आर्थिक लगायत सम्पुर्ण पक्षको सूचना संकलन, विश्लेषण र प्रकाशन गर्दै आएको छ । जसले गर्दा तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमनमा मद्दत पुगि सरोकारवालाहरुलाई सम्वन्धित सरोकारको विषयमा सु-सुचित हुनमा पनि सहयोग पुगेको छ ।

यस बुद्धभूमि नगरपालिकाले बैदेशिक रोजगारको विषयमा विस्तृत विवरण संकलन गरी यस क्षेत्रको अवसर, चुनौती तथा सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यलेक "वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र २०८०" तयार गरिएको छ । नेपालको संविधान २०७२ ले बैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित, मर्यादित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । साककककथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई बैदेशिक रोजगारीमा रहेका श्रम शक्तिको तथ्यांक संकलन, रोजगार सुचना केन्द्र सञ्चालन तथा सूचना प्रवाह, सीप तालिम, वित्तिय साक्षरता, पारिवारिक/सामाजिक पुन:एकिकरण लगायत बैदेशिक रोजगारीको क्षेत्रमा आधारभुत सेवा प्रवाह गर्ने जिम्मेवारी प्रदान गरेको छ । उक्त जिम्मेवारीलाई वार्षिक, आवधिक तथा रणनैतिक योजनाहरुमा समावेश गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न वा यस क्षेत्रको नियमन तथा व्यवस्थापनको लागि बैदेशिक रोजगार सम्वन्धि आधारभुत तथ्यहरुको आवश्कता पर्दछ । यस पार्श्व चित्र मार्फत बुद्धभूमि नगरपालिका भित्रको बैदेशिक रोजगारको प्रवृति, प्राप्त विप्रेषण, सोको उपयोगको अवस्था, सीप तथा दक्षता र विBमान समस्या लगायतका जानकारी तथा तथ्यांकहरु उपलब्ध भएका छन । जस्ले गर्दा यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक गतिविधिहरुको योजना निर्माण, कार्यान्वयन र अनुगमनमा महत्वपुर्ण योगदान पुग्ने अपेक्षा लिएको छु ।

उक्त पार्श्व चित्र तयार गर्न यसको आवश्कताको वारेमा महशुस गराई प्राविधिक सहयोग प्रदान गर्ने सामी परियोजना सहयोग ईकाई/हेल्भेटास नेपाललाई हार्दिक धन्यवाद प्रदान गर्दछु । प्रस्तुत पार्श्व चित्र तयार गर्ने क्रममा त्रुटि रहित बनाउने प्रयास गर्दा गर्दै धेरै त्रुटि होलान्, यहाँहरुको अमुल्य सुझाव प्राप्त भए आगामी दिनमा मार्ग दर्शन हुने छ ।

अन्तमा यो पार्श्व चित्र तयार गर्ने क्रममा सूचना तथा तथ्यांक उपलब्ध गराउनु हुने सम्पुर्ण बुद्धभूमि नगरपालिकाबासी, वार्ड अध्यक्ष ज्यूहरु, सदस्य ज्यूहरु, जानिफकार व्याक्तिहरु, सत्य तथ्य सूचना लिने जिम्मेवारी निर्वाह गर्नुहुने गणकहरु र बुद्धभूमि नगरपालिकामा कार्यरत सम्वन्धित कर्मचारीहरु प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।

......................

**केशव कुमार श्रेष्ठ**
नगर प्रमुख
बुद्धभूमि नगरपालिका

# विषेश धन्यवाद



हामी जनप्रतिनिधीहरू निर्बाचित भएर आएपछि नगरको चौतर्फी विकास कसरी गर्ने भन्ने नै मुख्य ध्यय थियो। विगतका दिनहरूमा गर्दै र चल्दै आएका सोंच व्यवहारभन्दा फरक ढंगले अघि बढ्नु पर्छ भन्ने मान्यताले अघि बढौ भन्ने संकल्प गर्‍यौं। भूगोल ठूलो र फरक प्रकृतीका भूगोलका कारण पनि एउटै सोंचले विकास सहज थिएन। १० वटा वडा रहेको यस नगरपालिकाका कुना कन्दराको समुचित विकासको जिम्मेवारी हाम्रो रहेको छ। नगरको चौथर्फी विकासको लागि विप्रेषणले ठूलो भुमिका खेलेको छ र कपिलवस्तु जिल्ला पनि बैदेशिक रोजगारीमा जाने प्रमुख जिल्लाहरुमा नै पर्छ भने बुद्धभूमि नगरपालिकाबाट पनि बैदेशिक रोजगारीमा जाने स्थानीय तहमा पर्दछ। तसर्थ समग्र बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन यसको अध्ययन आवश्यक ठान्यौं र आप्रवासन प्रोफाइल बनाउने योजनाका साथ बजेट विनियोजन गर्‍यौं।

बैदेशिक रोजगारीको बस्तुस्थितीको तयारीले मात्रै आवश्यकता र पहिचानमा आधारित विकास हुन सक्छ भन्ने उद्देश्य राखेर सूचना संकलन गर्ने कामलाई अघि बढायौं। निकै लामो मेहनतपछि अहिले नगरपालिकाको बैदेशिक रोजगारको बस्तुस्थिती के छ भन्ने बारेमा प्रोफाइल तयार भएको छ। बुद्धभूमि नगरपालिकाबाट बैदेशिक रोजगारीमा गएका र फर्केर आएका व्यक्तिहरुको समग्र अवस्था लगायत बैदेशिक रोजगारीमा रहेको समस्या र विप्रेषणको अवस्थालाई यस प्रोफाइलमा समाबेश गरिएको छ।

आप्रवासन प्रोफाइल बनाउनका लागि आवश्यक सहयोग गर्ने कर्मचारी, तथ्यांक उपलब्ध गराउने व्यक्ति, संस्था, तथ्यांक संकलनका लागि नगर - नगर मा खट्ने गणकहरू र सल्लाह सुझाब दिने सबै क्षेत्रका महानुभावहरू सबैलाई विशेष धन्यबाद छ। अब आप्रवासन प्रोफाइलका आधारमा नगरपालिकाले प्रस्तुत गर्ने योजनाहरूले बैदेशिक रोजगारसँग सम्बन्धित सवालहरुलाई सहज हुनेछ र युवाहरुलाई यहि केहि गर्ने वातावरण सृजना गर्न नगरपालिकाबासीसँगै सबै क्षेत्रका महानुभाव एवं संघसंस्थाहरूले साथ सहयोग दिनु हुनेछ भन्ने अपेक्षा समेत गरेको छु।

**मिरा थारू**
नगर उपप्रमुख
बुद्धभूमि नगरपालिका
लुम्विनी प्रदेश, कपिलवस्तु, नेपाल

# मन्तव्य



मुलुक संघीय संरचना अनुसार अगाडि वढीरहेको सन्दर्भमा बुद्धभूमि नगरपालिका स्थानीय सरकारको रुपमा आफ्नो नगरपालिकाको वस्तुगत विवरण सहितको आप्रवासन पार्श्व चित्र तयार गर्न लागेकोमा हामी अत्यन्त हर्षित छौ। यस आप्रवासन पार्श्व चित्रमा नगरपालिकाको वैदेशिक रोजगारीको समग्र अवस्थालाई पाँचवटा खण्डमा विभाजन गरी तयार गरिएको छ। यस पार्श्व चित्रले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन नगर पालिकको वार्षिक तथा आवधिक योजना निर्माणमा ठोस टेवा पुर्याउने अपेक्षा गरेको छु। साथै यस बुद्धभुमि नगरपालिकाको वैदेशिक रोजगारीको वारेमा चासो तथा जानकारी राख्ने जो कोहीलाई यो पार्श्व चित्र उपयोगी हुने कुरा निर्विवाद छ। वैदेशिक रोजगारीको विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थी एवं अनुसन्धानकर्ताहरुका लागि पथप्रदर्शक ठहरिने कुरामा विश्वस्त छु।

अन्तमा, यो आप्रवासन पार्श्व चित्र पुस्तक तयार गर्न प्राविधिक सहयोग गर्ने सामी/हेल्भेटास नेपाल, घरधुरी सर्वेक्षणमा खटिएका गणकहरु, सहयोग र समन्वय गर्ने गराउने यस बुद्धभूमि नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, सम्वन्धित वडा अध्यक्षहरु तथा जनप्रतिनीधिहरु लगायत बुद्धभुमि नगरपालिकाका सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

..................

**ध्रुब प्रसाद नेपाल**
प्रमुख प्रशासकीय अधिकृत
बुद्धभूमि नगरपालिका
हनुमानचोक, बुडढी कपिलवस्तु, नेपाल

संरक्षक

**श्री केशव कुमार श्रेष्ठ**

नगर प्रमुख

**श्री मिरा थारू**

नगर उपप्रमुख

प्रमुख सम्पादक

**श्री ध्रुब प्रसाद नेपाल**

प्रमुख प्रशासकीय अधिकृत

सम्पादन मण्डल

**श्री रेनुराम ज्ञवाली**

**श्री केशव ज्ञवाली**

**श्री रविन चौधरी, रोजगार सेवा केन्द्र (कसंयोजक)**

प्रशासन शाखा प्रमुख

**श्री केशव ज्ञवाली**

विशेष सहयोगी

**दश वटै वडाका वडा अध्यक्षहरु, वडा सदस्यहरु**

**सामी परियोजना सहयोग इकाई**

**हेल्भेटास नेपाल**

प्रकाशकः-

**बुद्धभूमि नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुडढी, कपिलवस्तु

# विषयसूची


| क्र.स. | विषयवस्तु | पेज न. |
|---|---|---|
| | **खण्ड–एकः कार्यकारी सारांश** | |
| १. | कार्यकारी सारांश | १-४ |
| | **खण्ड–दुईः तथ्यांक संकलनको परिचय तथा पृष्ठभूमि** | |
| २ | परिचय | ५-९ |
| २.१ | पृष्ठभूमि | |
| २.२ | तथ्यांक संकलन/पाश्र्व चित्र निर्माणको उद्देश्य | |
| २.३ | पाश्र्व चित्र तयारीका चरणहरु | |
| २.३.१ | पाश्र्व चित्र तयारी सम्बन्धी कायर्यशाला | |
| २.३.२ | गणक छनोट, अभिमुखिकरण तथा परिचालन | |
| २.३.३ | तथ्यांक संकलन | |
| २.३.४ | तथ्यांक प्रशोधन र विश्लेषण | |
| २.३.५ | पाश्र्व चित्रको मस्यौदा तयारी तथा सुझाव संकलन | |
| २.३.६ | पाश्र्व चित्रको प्रतिवेदन तयारी | |
| २.४ | तथ्यांक संकलनको सीमा | |
| २.५ | संकलित सूचनाहरूको प्रयोगमा संवेदनशीलता | |
| | **खण्ड–तिनः वैदेशिक रोजगारीमा रहेका व्यक्तिसँग सम्बन्धित विवरण** | |
| ३. | वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको जनसांख्यिक विवरण | १०-२१ |
| ३.१ | वैदेशिक रोजगार रहेका व्यक्तिहरुको जातिगत, लैंगिक तथा उमेरगत विवरण | |
| ३.२ | वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको मुख्य गन्तव्यमुलुक र पेशा सम्बन्धी विवरण | |
| ३.३ | वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले सुरक्षित आप्रवासन प्रकृया अवलम्बनको अवस्था | |
| ३.४ | वैदेशिक रोजगारबाट विप्रेषण प्राप्ति तथा उपयोगको अवस्था | |
| ३.५ | वैदेशिक रोजगारको क्रममा कामदारले सामना गर्नु परेका समस्याहरु | |
| ३.६ | वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुका परिवारले सामना गर्नु परेका अप्ठ्याराहरु | |
| ३.७ | वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आन्तरिक बसाई सराई सम्बन्धी विवरण | |
| ३.८ | विविध | |
| | **खण्ड–चारः वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिसँग सम्बन्धित विवरण** | |
| ४. | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको जनसांख्यिक विवरण | २२-२५ |
| ४.१ | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको जातिगत, लैंगिक तथा उमेरगत विवरण | |
| ४.२ | वैदेशिक रोजगारबाट फर्किनुका कारण | |
| ४.३ | मुख्य गन्तव्यमुलुक तथा आर्जन गरेका सीप तथा दक्षता सम्बन्धी विवरण | |
| ४.४ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको अवस्था, संलग्नता तथा योजना | |
| | **खण्ड–पाँचः नगरपालिका भित्रको वैदेशिक रोजगार सम्बन्धी सवालहरु** | |
| ५. | नगरपालिका भित्रका वैदेशिक रोजगार सम्बन्धिका महत्वपूर्ण सवालहरु | २६-२९ |
| | **खण्ड–छः तथ्यांक सम्बन्धी अनुसूचीहरु** | |
| ६. | अनुसूची -१ वैदेशिक रोजगारमा रहेका व्यक्तिसँग सम्बन्धित तथ्यांकहरु | ३०-५१ |
| ६.१ | अनुसूची -२ वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिसँग सम्बन्धित तथ्यांकहरु | |
| | बैदेशिक रोजगारको बारेमा जानकारी | |

# खण्ड-एक

# कार्यकारी सारांश

## १. कार्यकारी सारांशः

वैदेशिक रोजगारको विद्यमान अवस्था, समस्या तथा सवालहरुलाई उजागर गर्ने उद्देश्यले "वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०८०" तयार गरिएको छ। जसले बुद्धभूमि नगरपालिका भित्रको वैदेशिक रोजगारको अवस्था तथा सो सँग सम्बन्धित विषयहरुको समग्र परिदृश्य प्रतिबिम्बित गर्दछ। पार्श्व चित्र मार्फत प्राप्त तथ्यांक तथा निचोडले वैदेशिक रोजगारीलाई सुरक्षित तथा व्यवस्थित गरी यसबाट प्राप्त सीप र पूँजीलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्दै वैदेशिक रोजगारका कारण सृर्जित समाजिक लागतलाई न्यूनीकरण गर्नका लागि आवश्यक नीति तथा योजना निर्माण, कार्यन्वयन एवम् अनुगमनका लागि महत्वपूर्ण सहयोग पुग्नेछ।

नेपाल सरकारको जनगणना २०७८ को अनुसार यस नगरपालिकाको कुल जनसंख्या प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ। सो सर्वेक्षण अनुसार बुद्धभूमि नगरपालिकाको कुल घरधुरी संख्या १५,३७९ रहेको छ जसमा कुल परिवार संख्या १५,५८१ रहेको छ। उक्त घरधुरीमा जम्मा जनसंख्या ७६,५०७ जना रहेको छ। जसमध्ये पुरुष ४८.२९ प्रतिशत (३६९५१ जना) र महिला ५१.७० प्रतिशत (३९,५५६ जना) रहेका छन। कुल १५,३७९ घरधुरी मध्ये २७.६० प्रतिशत (४२४५ घरधुरी) का २३९५ जना युवाहरु वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ। वैदेशिक रोजगारीमा गएका मध्ये ४२४५ घरधुरीका १७६४ जना व्यक्तिहरु स्वदेश फर्किसकेका छन् भने २३९५ जना युवाहरु वैदेशिक रोजगारीमा नै कार्यरत छन्। जसमध्ये बैदेशिक रोजगारीको क्रममा मृत्यु भएको संख्या १४ जना रहेको पाइयो। जस मध्ये कुल घरधुरी बाट ७५ जनाले विवरण उपलब्ध नगरएको पाइयो। यस पार्श्व चित्रमा वैदेशिक रोजगारमा रहेका र फर्केर आएका व्यक्तिहरुसँग सम्बन्धित समग्र विवरणलाई दुई खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ। तेस्रो खण्डमा वैदेशिक रोजगारमा रहको व्यक्तिसँग सम्बन्धित विवरण र चौथो खण्डमा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिसँग सम्बन्धित विवरण प्रस्तुत गरिएको छ।

समग्र तथ्यांकलाई नियाल्दा यस नगरपालिकाको २३९५ जना युवाहरु वैदेशिक रोजगारमा कार्यरत छन्। वैदेशिक रोजगारीमा कार्यरत कुल संख्या मध्ये ६.७२ प्रतिशत महिला छन्। नगरपालिका भित्र जनजाति तथा मुस्लिमहरुको बसोबासको बाहुल्यता रहेकोले अधिकांश युवाहरु जनजाति र ब्राम्हण/क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा गएको पाइयो। वैदेशिक रोजगारमा संलग्न घरधुरीहरु मध्ये ४७.२२ प्रतिशत जनजाति, बाह्मण/क्षेणी ३४.४१ प्रतिशत, १०.९८ प्रतिशत दलित, ७.२९ प्रतिशत मुस्लिम, र ०.५० प्रतिशत अन्य जातजातिका रहेका छन्। उमेर समुहको तुलनामा करिब ८७.७७ प्रतिशत व्यक्तिहरु २१ देखि ४० बर्ष उमेर समूहका छन्। उक्त तथ्यांकलाई नियाल्दा अधिकांश उर्बर उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा रहेको पाईएको छ। जसले गर्दा स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा समेत युवा जनशक्तिको अभाव हुँदै गईरहेको अवस्था देखिन्छ।

वैदेशिक रोजगारमा रहेका ८५.८० प्रतिशत व्यक्तिहरुको मुख्य गन्तव्य मलेसिया र खाडीमुलुक रहेको पाईएको छ। सबै भन्दा बढि साउदी अरब र मलेसियामा कार्यरत युवाहरु २२.९६ र २२.०९ प्रतिशत रहेका छन्। त्यस पछि क्रमश कतार १७.६२ प्रतिशत, संयुक्त अरब इमिरेट्स (यूएइ/दुवई) १४.८२ प्रतिशत, ६.८५ प्रतिशत कुवेत लगायतका खाडी

देशहरुलाई यस नगरपालिकाका युवाहरुले गन्तव्य मुलुकको रुपमा छनौट गरेका छन्। त्यसै गरी १४.२० प्रतिशत युवाहरु अमेरिका, जापान, युरोप, कोरिया, जोडर्न, इजरायल लगायत अन्य मुलुकहरुमा गएका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र प्रतिफलयुक्त बनाउनका लागि वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयम् नै सुरक्षित आप्रवासन प्रक्रियाको बारेमा जानकारयुक्त हुनुका साथै गन्तव्य मुलुकमा गर्नु पर्ने कामको विषयमा सीपयुक्त हुनु उत्तिकै जरुरी छ। उक्त प्रक्रियागत सूचना तथा जानकारी र सीपले वैदेशिक रोजगारीबाट प्राप्त हुने लाभको वृद्धि गर्न र लागत न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्छ। तर यस नगरपालिकाबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर र सीप सिकेर वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या कमी रहेको पाईएको छ। विदेशमा कार्यरत कुल २३९५ जना युवा मध्ये १३.२४ प्रतिशत युवाहरुले मात्र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना तथा जानकारी लिएर गएको अवस्था छ। त्यसै गरी वैदेशिक रोजगारमा जाँदा सीप तालिम सिकेर जाने युवाको संख्या पनि अत्यन्त न्यून रहेको पाईएको छ। वैदेशिक रोजगारमा रहेका समग्र संख्यालाई विश्लेषण गर्दा करिब १०.६९ प्रतिशत युवाहरुले मात्र सीप तालिम सिकेर विदेश गएका छन् । बाँकी ८४.५१ प्रतिशत युवाहरु कुनै पनि सीप तालिम नसिकी विदेश गएको पाईएको छ। फलस्वरुप उनीहरुले गन्तव्य मुलुकमा सोंचे अनुरुपको लाभ प्राप्त गर्न नसक्नुका साथै कार्यस्थलमा दुर्घटना लगायतका विभिन्न खालका जोखिम तथा कठिनाईहरुको सामाना गर्नु परिरहेको विवरण तथ्यांक संकलनको क्रममा प्राप्त भएको छ।

वैदेशिक रोजगारमा रहेका कुल संख्या २३९५ जना लाई नियाल्दा करिब १३.६१ प्रतिशतले मात्र राहदानी, सम्झौता पत्र लगायतका अत्यावश्यक कागजपत्रको प्रतिलिपी घरपरिवारमा छाडेको पाईएको छ। जुन कागजपत्रहरु समस्या परेमा सहयोग तथा न्याय प्राप्तिका लागि अनिवार्य रुपमा आवश्यक हुन्छ। उक्त तथ्यले वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरुलाई लक्षित गरी सचेतनामुलक कार्यक्रम गर्नु पर्ने देखिन्छ। विदेशमा कार्यरत युवाहरु (२३९५ जना) मध्ये ९४.४९ प्रतिशत युवाहरु नेपालको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा गएका छन्। ०.७१ प्रतिशत युवाहरु भारतको बाटो भएर तथा ४.८० प्रतिशतले थाहा छैन भनी वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ। भारतको बाटो भएर वैदेशिक रोजगारमा जाँदा अलेखवद्ध हुने र ठगी लगायतका समस्या तथा जोखिम पर्ने सम्भावना हुने हुनाले वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरुलाई लक्षित गरी यस विषयमा पनि स्थानीय स्तरमा सचेतना विस्तार गर्नु पर्ने देखिन्छ।

भारत बाहेक अन्य मुलुकमा रोजगारीमा गएका मध्ये करिब ४७.९३ प्रतिशत युवाहरु ईजाजत प्राप्त संस्था (मेनपावर कम्पनी) मार्फत वैदेशिक रोजगारीमा गएको तथ्यांक प्राप्त भएको छ। त्यसै गरी ४०.७९ प्रतिशत व्यक्तिहरु बिचौलिय (स्थानीय एजेन्ट) मार्फत विदेश गएको पाईएको छ। बाँकी ११.२७ प्रतिशत युवाहरु G to G (दुई सरकार बिच भएको सम्झौतामा सरकारले पठाउने प्रक्रिया मार्फत), आफन्त मार्फत, कन्सल्टेन्सी मार्फत प्रक्रियाबाट विदेश गएको पाईएको छ। करिब ४०.७९ प्रतिशत युवाहरु मेनपावर कम्पनी मार्फत गएको संख्या देखिए पनि उक्त कम्पनी सम्म पुग्नको लागि बिचौलिया (एजेन्ट)हरुको सहारा लिनु पर्ने अवस्था हाल सम्म पनि विद्यमान रहेको पाईएको छ। स्थानीय युवाहरुको ईजाजत प्राप्त संस्थासम्म प्रत्यक्ष पहुँच नहुनु साथै दुरदराजका वस्तीहरुमा अन्तराष्ट्रिय श्रम बजारको माग तथा आवश्यक्ताको बारेमा सूचनाहरु नपुग्ने हुनाले बिचौलिया (स्थानीय एजेन्ट) प्रति निर्भर हुनु पर्ने वाध्यत्मक अवस्था देखिन्छ। जसले गर्दा बिचौलिया (स्थानीय एजेन्ट)हरुको विभिन्न खालका चलखेलका कारण प्रक्रियागत ढिलाई हुनुका साथै अधिकांश युवाहरुले सरकारले तोकेको लागतको सीमा भन्दा १५ देखि ३० गुणा सम्म बढि रकम तिर्नु पर्ने अवस्था देखिएको छ। नेपाल सरकारले खाडीमुलुक तथा मलेसिया जानको लागि फ्रि भिषा फ्रि टिकटको व्यवस्था गरे पनि वैदेशिक रोजगारमा रहेका मध्ये ०.८८ प्रतिशत युवा मात्र फ्रि भिषा फ्रि टिकटको प्रावधान अनुसार विदेश गएको पाईएको छ। करिब ६९.५२ प्रतिशतले एक देखि दुई लाख रुपैंया माथि सम्म बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई रकम बुझाएर विदेश गएको तथ्यांक प्राप्त भएको छ। यस गर्दा उनीहरू विदेशमा गएर धेरै महिना सम्म पनि विदेश जाँदा लिएको ऋण तिर्न सक्नुको मुख्य कारण भएको छ।

वैदेशिक रोजगारको सवल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो। प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा स्वदेशमै रोजगार सिर्जना गर्न सकेमा चक्रीय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक अवस्थाको न्यूनीकरणमा मद्दत पुग्न सक्छ। यस नगरपालिकामा बार्षिक रुपमा ६३ करोड ५२ लाख १८ हजारको हाराहारीमा विप्रेषण भित्रिने गरेको संकलित तथ्यांकले देखाएको छ। (उक्त विवरण वैदेशिक रोजगारमा रहेका २३९५ जना कामदारको परिवारले एक वर्षमा प्राप्त गरेको विप्रेषणको रेर्कडको आधारमा तयार गरिएको हो।) वार्षिक रुपमा प्राप्त भएको समग्र विप्रेषणलाई २३९५ जनाको मासिक कमाईको औषत रुपमा गणना गर्दा वैदेशिक रोजगारमा रहेको युवाहरुले प्रति व्यक्ति प्रति महिना औषत २२ हजार १०२ रुपैंयाको हाराहारीमा परिवारलाई विप्रेषण पठाईरहेको अवस्था छ। एक वर्षमा प्राप्त भएको कुल विप्रेषण मध्ये सबै भन्दा बढि साउदी अरेवियाबाट २६.१७ प्रतिशत विप्रेषण प्राप्त भएको छ। त्यस पछि क्रमश कतार १८.६८ प्रतिशत, मलेशियाबाट १७.११ प्रतिशत, दुबई १४.२५ प्रतिशत, कुबेत ६.४६ प्रतिशत, युरोपबाट र बाँकी विभिन्न देशबाट १८.८० प्रतिशत विप्रेषण प्राप्त भएको छ। वैदेशिक रोजगारमा रहेको २२६४ मध्ये करिब २९.११ प्रतिशत युवाहरुले परिवारलाई विप्रेषण पठाएको अवस्था छैन। कतिपय युवाहरु भर्खरै गन्तव्य मुलुक पुगेको, केहि युवाहरुले गन्तव्य मुलुकमा नै बचत गर्ने गरेको र कतिपय युवाहरु विभिन्न समस्यामा रहेकोले र केही युवाहरू जापान, अमेरिका तथा युरोपियन देशमा उच्च शिक्षाको लागि विदेश भएकोले पनि उनीहरुले विप्रेषण नपठाएको विवरण प्राप्त भएको छ।

प्राप्त तथ्यांकलाई हेर्दा बुद्धभूमि नगरपालिका भित्र ठुलो आकारमा विप्रेषण भित्रिने गरेको पाईएको छ। उक्त विप्रेषणले आधारभूत आवश्यक्ता परिपूर्ति गर्नुको साथै निम्न वर्गीय परिवारको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा उल्लेख्य पहुँच वृद्धि भएको पाईएको छ। समग्रमा हेर्दा विप्रेषणले स्थानीय जनजीवनलाई आर्थिक रुपमा महत्वपूर्ण टेवा पुर्याईरहेको देखिन्छ। तथपी नगरपालिका भित्र ठुलो आकारमा भित्रिरहेको विप्रेषणको समुचित व्यवस्थापन तथा उत्पादनमुलक क्षेत्रमा परिचालनको लागि संस्थागतरुपमा योजनावद्ध प्रयासका लागि आवश्यक पहल गर्नुपर्ने देखिएको छ। प्राप्त विप्रेषणको ठुलो हिस्सा करिब ३७.१८ प्रतिशत ऋण तिर्नमा प्रयोग हुने गरेको देखिन्छ। त्यसै गरी घर बनाउनको लागि १८.२७ प्रतिशत, जिन्सी सम्पत्ती जोड्न १६.९१ प्रतिशत, घर खर्च तथा खानपानमा ६.२० प्रतिशत, शिक्षामा ६.०७ प्रतिशत, स्वास्थ्य उपचारमा ५.७८ प्रतिशत, हाराहारीमा खर्च हुने गरेको पाईएको छ। व्यवसाय सुरू ०.९९ प्रतिशत र ०.७७ प्रतिशत ऋण लगानीमा रहेको देखिन्छ। बाँकी ७.८२ प्रतिशत बचत तथा जग्गा खरिदमा प्रयोग गरेको अवस्था छ। उक्त तथ्यांकलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरुवात तथा प्रवर्द्धनमा प्रयोग भईरहेको अवस्था छ। अतः विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीय स्तरको श्रोत साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप तथा विप्रेषणले देशको समग्र आर्थिक विकासमा योगदान पुगिरहेको भए पनि वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुले ठगी लगायतका विभिन्न खालका समस्याहरु भोग्नु परिरहेको अवस्था विद्यमान छ। वैदेशिक रोजगारमा कार्यरत युवाहरु मध्ये करिब ३ प्रतिशत युवाहरुले नेपालमा करार सम्झौता बमोजिमको काम तथा तलब नपाएको लगायतका विभिन्न खालका समस्याहरु भोगिरहेको पाईएको छ। त्यसको अलवा आफु कार्यरत कम्पनी मालिकले स्वदेश फर्कन नदिएको, खाना तथा तलब सुविधा नपाएको समस्याहरु पनि तथ्यांक संकलनको क्रममा भेटिएका छन्। अर्कोतिर उनीहरुको अनुपस्थितिमा परिवारका सदस्यहरुमा पारिवारिक व्यवस्थापन, सामाजिक कार्य तथा पेशागत जिम्मेवारीका कारण कार्यबोझ बढिरहेको जानकारी प्राप्त भएको छ। जसले गर्दा बालबालिकाहरुलाई उचित हेरचाह एवम् जेष्ठ नागरिकहरुलाई अपेक्षाकृत रुपमा सेवा प्राप्त नहुन सक्दछ। कतिपय परिवारका जेष्ठ नागरिकहरु सहारा विहीन बन्दै गईरहको अवस्था पनि सर्वेक्षणको क्रममा पाईएको छ। वैदेशिक रोजगारमा संलग्न कुल ३,३०२ घरधुरी मध्ये २७१

घरधुरीमा जेष्ठ नागरिकहरु मात्र बासोबास गरिहेको पाईएको छ।  समग्रमा भन्नु पर्दा वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरु पनि सिर्जना हुँदै गईरहेको देखिन्छ। विकासका प्राथमिकताहरु भौतिक विकासको क्षेत्रमा केन्द्रित हुँदा यस्ता पारिवारिक तथा सामाजिक समस्याहरु ओझेलमा पर्दै गईरहेको हुन सक्दछन्। तसर्थ यस्ता समस्याहरुलाई समयमा नै सम्बोधन गर्न सके स्वास्थ्य र समृद्ध समाज निर्माण गर्ने विकास प्रक्रियालाई सहयोग पुर्याउन सकिन्छ।

बुद्धभूमि नगरपालिकाबाट वैदेशिक रोजगारमा गएका कुल ४२४५ जना घरधुरी मध्ये १७६४ जना व्यक्तिहरु स्वदेश फर्केर आएको तथ्यांक प्राप्त भएको छ। फर्केर आएका जम्मा व्यक्ति मध्ये ४०७ जना महिला रहेका छन्। फर्केका व्यक्तिहरु मध्ये ४८.३६ प्रतिशत व्यक्तिहरु जनजाती र ३७.०७ प्रतिशत बाह्मण क्षेत्री समुदाय रहेका छन्। त्यसै गरी  दलित ८.७८ प्रतिशत, बाँकी ५.७८ प्रतिशत अन्य जातजातिका रहेका छन्। देशगत रुपमा तुलना गर्दा सबै भन्दा बढि व्यक्तिहरु खाडीमुलुक र मलेसियाबाट फर्केर आएका छन्।  वैदेशिक रोजगारबाट फर्केका कुल १७६४ जना मध्ये मलेसियाबाट सबै भन्दा बढि २४.६० प्रतिशत युवाहरु फर्केका छन्। त्यस पछि क्रमश दुबाईबाट १७.८६ प्रतिशत, साउदी अबरबाट १७.०१ प्रतिशत, कुवेटबाट १४.५७ प्रतिशत, र अन्य देशबाट २५.९६ प्रतिशत युवाहरु विदेशबाट फर्केर आएको तथ्यांक प्राप्त भएको छ। फर्केर आएका व्यक्ति मध्ये ६५.९९ प्रतिशत व्यक्तिहरुले  करार सम्झौता अवधि पूरा भएका कारण फर्केर आएका छन्। त्यस्तै अन्य कारणले २१.८८ प्रतिशत, ३.२३ प्रतिशत व्यक्तिहरु कार्यरत रहेको कम्पनीमा समस्या भएर फर्किएको अवस्था छ। त्यसै गरी स्वास्थ्य समस्या भएर २.४९ प्रतिशत, मेडिकल फेल भएर ०.४० प्रतिशत रहेको छ।

वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु मध्ये करिव ४३.४२ प्रतिशतले कुनै न कुनै सीप तालिम लिएर फर्केको पाईएको छ। वैदेशिक रोजगारबाट फर्किदा सीप तथा दक्षता लिएर आएका व्यक्तिहरुलाई क्षेत्रगत विज्ञताको आधारमा योजनावद्ध रुपमा परिचालन गर्न सके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण सहयोग पुग्न सक्ने देखिन्छ। कतिपय व्यक्तिहरु सँग सीप तथा दक्षता हुँदा हुँदै पनि आफुसँग भएको सीपको प्रमाण पत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरुमा प्रतिस्पर्धामा सहभागी हुन बन्चित हुनु परेको समस्याहरु पनि प्राप्त भएका छन्। वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुले आफुसँग भएको सीपलाई परिक्षण गर्ने योजना रहेको बताएका छन्। यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरुसँगको सहकार्यमा सीप परिक्षण सम्बन्धिका कार्यक्रम सञ्चालन गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ।

वैदेशिक रोजगारीबाट फर्केका मध्ये करिव ३४.८१ प्रतिशत व्यक्तिहरु हाल बेरोजगार रहेको र उनीहरु रोजगारीको खोजिमा रहेको तथ्यांक प्राप्त भएको छ। त्यसै गरी २५.११ प्रतिशत मानिसहरु तत्काल पुनः वैदेशिक रोजगारीमा जानलाई प्रक्रियामा रहेको पाईएको छ। १८.८८ प्रतिशत युवाहरुले कृषि पेशा गरिरहेको र २.०४ प्रतिशत युवाहरू पशुपालन व्यवसाय गरिरहेको र बाँकी ११.७३ प्रतिशत व्यक्तिहरु स्वरोजगार तथा व्यवसायमा संलग्न रहेको तथ्यांक प्राप्त भएको छ। यसको अलवा ५.३९ प्रतिशत युवाहरुले स्थानीय स्तरमा आय आर्जन सम्बन्धिका अन्य क्रियाकलापहरु शुरुवात गर्ने योजना बनाएको पाईएको छ। विदेशमा मेहनतको साथ कमाएको रकमलाई आयमुलक क्रियाकलाप तथा व्यवसाय संचालनमा लगानी गर्ने सोंच आफैमा महत्वपूर्ण छ। व्यवसाय शुरुवात गर्ने योजना बनाएका सबै युवाहरुमा सो सम्बन्धी ज्ञान, सीप तथा पर्याप्त पूँजी नभएको अवस्था पनि देखिएको छ। यस्तो अवस्थामा उनीहरुले बनाएको योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार मार्फत लक्षित वर्गको विभिन्न कार्यक्रमहरुमा पहुँच वृद्धि, अन्य आवश्यक प्राविधिक सहयोग तथा  सहुलियत कर्जा लगायतको सहयोगको अपेक्षा राखेको तथ्यांक पनि प्राप्त भएको छ। जसलाई विस्तृत रुपमा तालिका तथा अनुसूचीहरुमा उल्लेख गरिएको छ।

बैदेशिक रोजगारीमा गई १४ जनाको मृत्यु भएको पाइएकोले अबका दिनमा बैदेशिक रोजगारीमा जाँदा तालिम, सीप तथा अभिमुखीकरण तालिम लिई मात्र जानको लागि प्रोत्साहन गर्नु पर्ने देखिएको छ।

# खण्ड-दुई

## तथ्यांक संकलनको पृष्ठभूमि तथा उद्देश्यः

२. **परिचय**

नेपालको संविधान २०७२ ले संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था अनुरुप तिनै तहका सरकारको आ-आफ्नो अधिकार क्षेत्रको सुनिश्चित गरेको छ। स्थानीय सरकार आफ्नो एकल अधिकार सूचीका विषयमा कानून बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने अधिकार राख्दछ। संवैधानिक व्यवस्था अन्तर्गत गठन भएको बुद्धभूमि नगरपालिकाले आफ्नो अधिकार क्षेत्र अन्तर्गत रहेर जनताको सुविधालाई मध्यनजर गर्दै आफ्ना नीति तथा विकासका योजना तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ। नगरपालिका को वार्षिक, आवधिक तथा दीर्घकालीन योजना निर्माण गर्ने लगायत हरेक चरणका कार्यहरु योजनाबद्ध ढंगले अगाडी बढाउन नगरपालिका को वस्तुगत विवरण आवश्यक रहेको छ। यस्ता पक्षहरुलाई मध्यनजर गर्दै यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रको भौतिक, सामाजिक, आर्थिक लगायत सम्पूर्ण सूचना संकलन, विश्लेषण र प्रकाशन गर्दै आएको छ। जसले तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमनमा मद्दत पुग्नुका साथै सरोकारवालाहरुलाई सम्बन्धित सरोकारको विषयहरुमा सु-सूचित हुनमा पनि सहयोग पुगेको छ।

नेपालको संविधानले रोजगारीलाई मौलिक हकको रुपमा स्थापित गरी प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हकको व्यवस्था गरेको छ। संविधानको धारा ५१ (झ) मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गरी वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने व्यवस्था उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए सँगै रोजगार तथा बेरोजगारको तथ्यांक सङ्कलन, रोजगार सूचना केन्द्रको सञ्चालन र सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा सीप तालिम प्रदान लगायतका महत्वपूर्ण सेवाहरु प्रवाह गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ। उक्त ऐनको परिच्छेद-३, दफा ११ को उपदफा २ (थ) मा भएको ब्यवस्था अन्तरगत स्थानीय सरकारले आफ्नो स्थानीय तह भित्रको सुरक्षित वैदेशिक रोजगारी एवं वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना सङ्कलन तथा व्यवस्थापन गर्नु पर्ने छ। यो परिप्रेक्ष्यमा बुद्धभूमि नगरपालिकाले वैदेशिक रोजगारको विषयमा विस्तृत तथ्यांक संकलन गरी यस क्षेत्रको समग्र अवस्था, अवसर, चुनौति तथा सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यले “वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०८०” तयार गरेको छ। यस पार्श्व चित्रले बुद्धभूमि नगरपालिका भित्रको वैदेशिक रोजगारको प्रवृत्ति, प्राप्त विप्रेषण त्यसको उपयोगको अवस्था, सीप तथा दक्षता र विद्यमान समस्या लगायतका जानकारी तथा तथ्यहरुको समग्र परिदृष्य प्रतिबिम्बित गर्दछ।

संकलित तथ्यांक तथा जानकारीहरुले वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थापनको लागि आवश्यक नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमनमा तथ्यगत आधार प्रदान गर्नेछ। उक्त तथ्यगत विवरणको आधारमा यस नगर पलिकाले आफ्नो वार्षिक, आवधिक तथा रणनीतिक योजनाहरुमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धिका कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्नमा मद्दत पुग्नेछ।

२.१ **पृष्ठभूमिः**

नेपालमा प्रत्येक वर्ष ५ लाखभन्दा बढी युवाशक्ति श्रम वजारमा प्रवेश गर्ने गरेको देखिन्छ। तर देश भित्र पर्याप्त एवम् छनौटको रोजगारीका अवसरहरु सृजना हुन नसकेका कारण लाखौंका संख्यामा युवाहरु वैदेशिक रोजगारमा जाने

गरेका छन्। वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आर्थिक मन्दीमा मासिक कपिलवस्तु जिल्लाबाट सरदर ४५० व्यक्ति वैदेशिक रोजगारीमा गएको पाइन्छ। कोभिड महामारीकै बिचमा पनि दैनिक करिब ५ सयको संख्यामा युवाहरु विदेशिएका छन्। यसरी विदेशिने अधिकांश युवाहरुको मुख्य गन्तव्य खाडीमुलुक र मलेसिया रहेको छ भने युरोप लगायतका देशहरुमा उच्च शिक्षा तथा कामको खोजी गर्न जाने क्रम पनि विस्तारै बढ्दै गएको देखिन्छ। विभागको तथ्यांक अनुसार हाससम्म करिव ६५ लाख बढी युवाहरु वैदेशिक रोजगारमा गइसकेका छन्। जुन औपचारिक रुपमा श्रम स्वीकृति लिएर जाने व्यक्तिको तथ्यांक हो। बाँकी करिब २० लाख भन्दा बढि युवा भारत लगायत तेस्रो मुलुकमा श्रम स्वीकृति नलिई रोजगारीको लागि गएको अनुमान छ। लाखौंका संख्यामा युवाहरु विभिन्न मुलुकमा कार्यरत रहेकाले केही वर्ष देखि नेपाल उच्च विप्रेषण भित्र्याउने मुलुकको सूचीमा रहदै आएको छ। आ.व. २०७९/८० मा मासिक १ खर्ब रुपैंया विप्रेषण प्राप्त भएको छ। जसले कुल ग्राहस्थ उत्पादनको अनुपातमा करिब २९ प्रतिशत हिस्सा ओगट्नुका साथै देशको अर्थतन्त्रलाई चलायमान बनाएको छ। विप्रेषणले गरिबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्नुका साथै निम्न आय स्तर भएका समुदायहरुको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच उल्लेख्य मात्रामा वृद्धि भएको छ। वैदेशिक रोजगारको सवल पक्ष भनेको नै विप्रेषण, सीप तथा ज्ञान आर्जन हो। तर वैदेशिक रोजगारमा जाने कामदारसँग आवश्यक सूचना र सीपको अभावका कारण यो क्षेत्र अपेक्षा गरे अनुरुप सुरक्षित र प्रतिफल युक्त बन्न सकेको अवस्था छैन।

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पर्याप्त जानकारीको कमीका कारण वैदेशिक रोजगारमा जाने व्यक्तिले स्वदेश भित्र ठगी लगायतका विभिन्न समस्याहरु भोग्नु परिरहेको छ। यसको साथै गन्तव्य मुलुकको धर्म, संस्कृति, हावापानी तथा गर्नु पर्ने कामको सीपको कमीको कारण नेपाली श्रमिकहरुले कार्यस्थलमा दुर्घटना लगायतका विभिन्न कठिनाइहरुको सामना गर्नु परिरहेको अवस्था छ। फलस्वरुप अंगभंगका घटनाहरु बढ्नुका साथै दैनिक सरदर ७ देखि १० जना कामदारको शव नेपाल भित्रिने गरेको छ। वैदेशिक रोजगारले सिर्जना गरेको सामाजिक लागत निकै उच्च छ भने अर्कोतर्फ युवा जनशक्ति बाहिरिंदा स्थानीय विकास प्रक्रियामा समेत नकारात्मक प्रभाव पर्न गएको छ। पुरुषहरु वैदेशिक रोजगारमा संलग्न रहेको कारण महिला घरमुलीको वृद्धिलाई सकारात्मक रुपमा लिन सकिने भए पनि परिवार व्यवस्थापन, सामाजिक उत्तरदायित्व लगायतका जिम्मेवारीले उनीहरुको कार्यबोझ बढिरहेको छ। जसको कारण बालबालिका र महिलाहरुमा मनोसामाजिक समस्याहरु वृद्धि भईरहको अवस्था छ। त्यसैले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रभावकारी सूचना प्रवाहको लागि संयन्त्रको व्यवस्थापन र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसार सीपयुक्त जनशक्ति विकास गर्नेतर्फ जोड दिनु आवश्यक छ। अर्कोतिर वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण, दक्षता र सीपलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दे परिवारिक/सामजिक पुनःएकिकरणका लागि संस्थागत रुपमा ठोस पहलहरु शुरुवात गर्नु पनि उत्तिकै जरुरी छ।

वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक अवस्थालाई न्यूनीकरण गर्ने तर्फ बुद्धभूमि नगरपालिकाको उच्च प्राथमिकता रहदै आएको छ। जसको लागि युवा श्रमशक्तिको मूल प्रवाहिकरण मार्फत विकास कार्यलाई तिव्रत्तर रुपमा अगाडि बढाउदै स्थानीय स्तरमा स्वरोजगार तथा रोजगारका अवसरहरु सिर्जना गर्ने कार्यलाई नगरपालिकाले जोड दिदै आएको छ। स्थानीय स्तरमा रोजगारी सृजनाका लागि पहलहरु भए पनि युवाशक्तिको लागि गुणस्तरीय एवम् उनीहरुको चाहना अनुरुपको रोजगारीको अवसर उपलव्ध नभईरहेको सन्दर्भमा वैदेशिक रोजगार एउटा बलियो विकल्पको रुपमा देखिएको छ। वर्तमान अवस्थामा वैदेशिक रोजगार यूवाहरुको पहिलो रोजाइ तथा पहिलो छनौटको विषय भएकोले यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै यसबाट प्राप्त लाभको वृद्धि गरी सामाजिक लागत न्यूनीकरणमा केन्द्रित हुनु आश्यक देखिन्छ।

### २.२ पार्श्व चित्र निर्माणको उद्देश्यः

बुद्धभूमि नगरपालिका भित्रको वैदेशिक रोजगारीको समग्र अवस्था, अवसर तथा सवालहरुको उजागर तथा दस्तवेजिकरण गर्नु पार्श्व चित्र निर्माणको प्रमुख उद्देश्य रहेको छ। उक्त पार्श्व चित्रमा वैदेशिक रोजगारको विद्यमान

अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्केका व्यक्तिको संख्या, विप्रेषण प्राप्ति तथा खर्चको प्रवृत्ति, कामदारले भोग्नु परेका समस्या तथा कठिनाईहरु, पारिवारिक/सामाजिक पुनःएकिकरणका सवालहरु एवं विदेशबाट फर्केर आएका व्यक्तिहरुको अवस्था लगायतको विषय समेटिएका छन्। जसको आधारमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमन भई वैदेशिक रोजगारीको क्षेत्रमा शुसासन प्रर्वद्धनमा मद्दत पुग्नेछ। पार्श्व चित्र निर्माणका निर्दिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेका छनः

- नगरपालिका भित्रको घरधुरीबाट वैदेशिक रोजगारमा गएका र फर्किएका युवाहरुको लगत तयार गर्ने।
- वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको सूचना, सीप तालिम तथा न्यायमा पहुँच सम्बन्धी विवरण संकलन गरी सुरक्षित आप्रवासन सम्बन्धी प्रक्रिया अवलम्बनको अवस्था विश्लेषण गर्ने।
- वैदेशिक रोजगारवाट प्राप्त भइरहेको विप्रेषणको सम्भावित दिगो व्यवस्थापन तथा आयमूलक क्षेत्रमा परिचालनका लागि विप्रेषण प्राप्ति तथा खर्चको प्रवृत्ति सम्वन्धी विवरण संकलन गर्ने।
- वैदेशिक रोजगारको क्रममा युवाहरुले भोग्नु परेको समस्या तथा कठिनाईहरुको उजागर गर्ने।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको संख्या तथा उनीहरुको हालको अवस्थो विवरण संकलन गर्ने।
- पारिवारिक/सामाजिक पुनःएकिकरणसँग सम्बन्धित सवाललाई सम्बोधन गर्न सो सँग सम्बन्धित विवरण संकलन गर्ने।

## २.३ पार्श्व चित्र तयारीका चरणहरुः

### २.३.१ पार्श्व चित्र तयारी सम्बन्धी कार्यशालाः

बुद्धभूमि नगरपालिकाले पार्श्व चित्र तयारी सम्बन्धी एक दिने कार्याशाला गोष्ठी सम्पन्न गरेको थियो। उक्त कार्यशाला गोष्ठीमा नगरपालिकाका पदाधिकारीहरू, वडाअध्यक्ष तथा विषयगत शाखा सम्बद्ध कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो। कार्यशाला गोष्ठीमा पार्श्व चित्र तयारीका प्रक्रियागत चरण, तथ्यांक संकलन विधि, गणक छनौट तथा परिचालन सम्बन्धी गहण रुपमा छलफल भएको थियो। साथै तथ्यांक संकलनको लागि आवश्यक नमूना प्रश्नावलीलाई स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा सम्पादन गरी अन्तिम रुप दिने कार्य पनि सम्पन्न भएको थियो। उक्त कार्यशाला मार्फत पार्श्व चित्रको ढाँचा, सर्वेक्षण औजार (KoBo Toolbox), विधि तथा कार्ययोजना तय गरी पार्श्व चित्र तयारीको कार्य आरम्भ भएको थियो।

### २.३.२ गणकको छनौट, अभिमुखिकरण तथा परिचालन

तथ्यांक संकलन कार्यको लागि नगरपालिकाद्धारा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई गणकको रुपमा नियुक्त गरेको थियो। उनीहरुलाई तथ्यांक संकलनका लागि कार्य क्षेत्रमा परिचालन गर्नु पूर्व पार्श्व चित्र तयारीका लागि तथ्यांक संकलन सम्बन्धी ५ दिने तालिमको आयोजना गरिएको थियो। नगरपालिकाको रोजगार सेवा केन्द्र र सूचना तथा प्रविधि अधिकृतको समग्र सहयोगमा उक्त तालिममा वैदेशिक रोजगारको विषयमा अवधारणागत स्पष्टता, प्रश्नावलीहरुको गहणता, तथ्यांक संकलन विधि तथा प्रक्रियाको बारेमा जानकारी गराईएको थियो। तालिमको दौरानमा गणकहरुलाई सफ्ट्वयर (KoBo Toolbox) मार्फत नमूना तथ्यांक संकलन गर्न लगाई संकलित तथ्यांकको विश्लेषण गरी पृष्ठपोषण पनि प्रदान गरिएको थियो। उक्त सैद्धान्ति तथा व्यवहारिक तालिम पश्चात गणकहरुलाई तथ्यांक संकलनको लागि सम्बन्धित वडामा परिचालन गरिएको थियो।

### २.३.३ तथ्यांक संकलन

बुद्धभूमि नगरपालिकाको १० (दश) वटै वडालाई समेटेर तथ्यांक संकलनको कार्य सम्पन्न गरिएको छ। जसको लागि नगरपालिकाद्धारा नियुक्त गणकहरुले वैदेशिक रोजगारमा गएका र फर्केका सबै व्यक्तिको घरधुरीहरुमा प्रत्यक्ष रुपमा उपस्थित भएर अन्तरवार्ता विधि मार्फत तथ्यांक संकलन गरेका छन् । नगरपालिकाद्धारा स्वीकृत प्रश्नावली अनुसार सम्बन्धित घरधुरीको आधिकारिक सदस्यसँग अन्तरवार्ता गरिएको छ। तर सामाजिक लागतसँग सम्बन्धित सूचनाहरु लिन मुख्य सूचनादाताहरु (Key informants) सँग पनि अन्तरवार्ता गरिएको छ। तथ्यांक संकलन कार्यलाई सहज बनाउनका लागि सफ्टवेर (KoBo Toolbox) को प्रयोग गर्नुका साथै विदेशबाट फर्किएका स्थानीय व्यक्तिहरुलाई गणकको रुपमा परिचालन गरिएकोले गुणस्तरीय तथ्यांक संकलनमा सजिलो भएको पाइएको छ। गणकहरुको कार्यसम्पादनको प्रभावकारिता, संकलित तथ्यांकहरुको गुणस्तरीयता तथा आधिकारिकता वृद्धिका लागि नगरपालिकाको स्थानीय तह कर्यक्रम निर्देशक समितिबाट तथ्यांक सकलन कार्यको अनुगमन कार्य सम्पन्न गरिएको छ। साथै सम्बन्धित वडाध्यक्ष तथा वडा समितिको तर्फबाट पनि वडास्तरमा भएको तथ्यांक संकलन कार्यको अनुगमन तथा सहजिकरण गरिएको छ। यसको अलवा कतिपय तथ्यांकहरु द्वितीय स्रोत मार्फत संकलन गरिएको छ। जसमा केन्द्रीय तथ्यांक विभागको जनगणना-२०७८, वैदेशिक रोजगार विभाग एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदनका सूचनाहरु समेत संकलन तथा प्रयोग गरिएको छ।

### २.३.४ तथ्यांक प्रशोधन र विश्लेषण:

संकलित तथ्यांकहरूलाई माइक्रोसफ्ट एक्सेलमा Pivot Table मार्फत प्रशोधन गरिएको छ। उक्त प्रशोधित तथ्यांकलाई बर्णनात्मक विधि मार्फत विश्लेषण गरी प्रस्तुत गरिएको छ। प्राप्त तथ्यांक तथा निचोडहरुलाई मुख्य रुपमा टेबल र चित्रहरु मार्फत प्रस्तुत गर्नुका साथै विस्तृत जानकारीको लागि अनुसूचीहरु समावेश गरिएको छ।

### २.३.५ पार्श्व चित्रको मस्यौदा तयारी तथा सुझाव संकलन:

संकलित तथ्यांकको विश्लेषण पश्चात् प्राप्त सूचना तथा विवरणहरू छलफलका लागि नगरक कार्यपालिकाका पदाधिकारी बीच प्रस्तुत गरिएको थियो। उक्त प्रारम्भिक सूचना तथा विवरणहरुमा प्राप्त सुझाव समेतको आधारमा पार्श्व चित्रको "प्रारम्भिक मस्यौदा" तयार गरिएको थियो। उक्त प्रारम्भिक मस्यौदामा नगरपालिकाका सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरुको प्राप्त सुझावको आधारमा अन्तिम मस्यौदा तयार गरिएको छ ।

### २.३.६ पार्श्व चित्रको अन्तिम प्रतिवेदन तयारी:

पार्श्व चित्रको प्रारम्भिक मस्यौदामा प्राप्त सुझाव तथा पृष्ठपोषण समेतका आधारमा तयार गरिएको अन्तिम मस्यौदालाई नगर कार्यपालिकाको बैठकमा छलफल पश्चात् आवश्यक परिमार्जन सहित अन्तिम प्रतिवेदन तयार गरिएको छ।

### २.४ तथ्यांक संकलनको सीमा:

तथ्यांक संकलन कार्य बुद्धभूमि नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकतामा केन्द्रित भई सम्पन्न गरिएको छ। स्थानीय आवश्यक्ताको आधारमा प्रश्नावली निर्माण गरी सूचना संकलन गरिएकोले समग्रमा यो तथ्यांक/ पार्श्व चित्रले बुद्धभूमि नगरपालिका भित्रको वैदेशिक रोजगारको अवस्थालाई प्रतिबिम्बित गर्दछ। तथ्यांक संकलन तथा विश्लेषणको कार्य वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति, मुख्य सूचनादाता र विदेशमा रहेका व्यक्तिको परिवारका सदस्यहरुले प्रदान गरेको जानकारीको आधारमा सम्पन्न गरिएको छ। विदेशमा रहेका व्यक्तिको अवस्थाको बारेमा जानकारी लिन तिनको

परिवारका सदस्यहरुसँग निर्भर हुनु पर्ने र कतिपय सदस्यहरु (खासगरी जेष्ठ नागरिक मात्र घरमा भएको परिवारमा) लाई विदेशमा रहेको आफ्नो सदस्यको बारेमा कम जानकारी हुने गरेको पाईएको छ। तथ्यांक संकलनको क्रममा यस्तो अवस्थाको परिवारको संख्या न्यून पाईएको भए पनि उनीहरुले दिएको सूचनामा नै निर्भर हुनु पर्ने अवस्था छ। यसको अलवा सामाजिक लागतका घटनाहरु सावधानीपूर्वक संकलन गर्ने कुरामा विशेष जोड दिईएको भए पनि यस्ता घटनाहरु भावनात्मक, संवेदनशील र व्यक्तिगत गोपनीयतासँग सम्बन्धित भएकाले सम्पूर्ण घटनाहरु प्राप्त नभएको हुन सक्छ।

### २.५ तथ्यांकको प्रयोगमा संवेदनशीलता:

पार्श्व चित्रमा वैदेशिक रोजगारमा रहेका र फर्केका व्यक्तिका परिवाहरुको व्यक्तिगत/परिवारिक विवरण, उनीहरुको आम्दानी तथा खर्चको अवस्था, वैदेशिक रोजगारका क्रममा भोग्नु परेका ठगी तथा वेपत्ता लगायतका समस्याका घटनाहरु संग्रहित भएका छन्। जुन विवरण सम्बन्धित व्यक्ति तथा परिवारको नितान्त व्यक्तिगत सूचनाहरु हुन्। यसका साथै वैदेशिक रोजगारका कारण परिवारमा भएका झमेला, घरेलु हिंसा, लान्छाना, आरोप लगायतका घटनाहरु पनि संकलन गरिएका छन्। जुन अत्यन्तै संवेदनशील सूचनाहरु हुन्। त्यस्ता सूचनाहरुको संवेदनशीलता, गोपनीयता र त्यसको सार्वजानिकीकरणमा सम्बन्धित पक्षको ध्यान पुग्नु अत्यावश्यक ठानिएको छ। उक्त सूचनाहरु त्यस्ता घटनाहरुमा आवश्यक सहयोग गर्न, न्यूनीकरण र रोकथामका लागि योजना निर्माण तथा कार्यान्वयनको लागि मात्र उपयोग हुनेछन्।

### २.६ वडागत तथ्यांक संकलनको विवरण:

| वडा नं. | विदेशमा रहेको व्यक्तिको संख्या | विदेशबाट फर्किएको व्यक्तिको संख्या | मृत्यु तथा अंगभंग | असहमत | जम्मा |
|---|---|---|---|---|---|
| १ | १२७ | १३२ | - | ७२ | २५९ |
| २ | २६२ | ६८० | - | | ९४२ |
| ३ | ३८६ | १९३ | १ | | ५८० |
| ४ | २३७ | २२० | ३ | | ४६० |
| ५ | २०८ | ४८ | २ | | २५८ |
| ६ | १४८ | ६९ | - | | २१७ |
| ७ | ९८ | ६१ | - | | १५९ |
| ८ | १८८ | ८१ | - | | २६९ |
| ९ | ५५७ | २१४ | ५ | | ७७६ |
| १० | १८४ | ६६ | ३ | | २५३ |
| कुल जम्मा | २३९५ | १७६४ | १४ | ७२ | ४२४५ |

### २.७ तथ्यांक संकलनको विवरण:

| क्र.स. | नाम, थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | शुसिला दर्लामी | तथ्यांक संकलनकर्ता (गणक) | बुद्धभूमि न.पा. ९ |
| २ | शिव कुमारी थारू | तथ्यांक संकलनककर्ता (गणक) | बुद्धभूमि न.पा. ५ |
| ३ | बिक्रम पोखेल | तथ्यांक संकलनकर्ता (गणक) | बुद्धभूमि न.पा. २ |

# खण्ड-तीन
# वैदेशिक रोजगारीमा नै रहेका व्यक्तिसँग सम्बन्धित विवरण

## ३. वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको जनसांख्यिक विवरणः

बुद्धभूमि नगरपालिकाको कुल १५३७९ घरधुरी मध्ये २७.६० प्रतिशत ४२४५ घरधुरीहरुका युवाहरु वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ। त्यस्तै बैदेशिक रोजगारीमा नै रहेको व्यक्तिहरूको १५.५७ प्रतिशत २३९५ जना बैदेशिक रोजगारीमा कार्यरत छन्। त्यस्तै वैदेशिक रोजगारीमा गएका मध्ये ४२४५ जना घरधुरीका ११.४७ प्रतिशत १७६४ जना व्यक्तिहरु स्वदेश फर्किसकेका छन्। यस पार्श्व चित्रमा वैदेशिक रोजगारमा रहेका र फर्केर आएका व्यक्तिहरुसँग सम्बन्धित समग्र विवरणलाई दुई खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा वैदेशिक रोजगारमा रहेको व्यक्तिसँग सम्बन्धित विवरण र चौथो खण्डमा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिसँग सम्बन्धित विवरणहरु प्रस्तुत गरिएको छ । यो खण्डमा वैदेशिक रोजगारमा कार्यरत व्यक्तिसँग सम्बन्धित विवरणहरुलाई उल्लेख गरिएको छ।

चित्र नं. १ विदेशमा रोजगारमा रहेको व्यक्तिको संख्या वडागत विवरण




समग्र तथ्यांकलाई नियाल्दा यस नगरपालिकाबाट २३९५ जना युवाहरु वैदेशिक रोजगारमा कार्यरत छन्। वैदेशिक रोजगारमा रहेका समग्र संख्यालाई तुलना गर्दा वडा नं.९ बाट सबै भन्दा बढि २३ प्रतिशत (५५७ जना) युवाहरु विदेश गएका छन्। उक्त संख्या विदेश गएका कुल संख्याको सबै भन्दा धेरै १३.१२ प्रतिशत हिस्सा हो। त्यसै गरी वडा नं.३ बाट १६ प्रतिशत (३८६ जना), वडा नं. २ बाट ११ प्रतिशत (२६२ जना) वडा नं. ५ बाट ९ प्रतिशत (२०८ जना) वडा नं. ८ र १० बाट क्रमश ८/८ प्रतिशत प्रतिशत (१८८ र १८४ जना), वडा नं. ६ मा ६ प्रतिशत (१४८ जना), वडा नं. १ मा ५ प्रतिशत (१२७ जना), र सबै भन्दा कम वडा नं. ७ मा ४ प्रतिशत (९८ कजना) युवाहरु विदेशमा कार्यरत छन्। वडागत रुपमा विदेशमा रहेको जनसंख्याको थप विवरण माथिको चित्र नं. १ र २ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

चित्र-२: वडागत जनसंख्या र वैदेशिक रोजगारमा रहेका संख्या विवरण



## ३.१. वैदेशिक रोजगारमा रहेका व्यक्तिको जातिगत, लैंगिक तथा उमेरगत विवरणः

यस नगरपालिका भित्र जनजातिहरुको बसोबासको बाहुल्यता रहेकोले अधिकांश युवाहरु जनजाति समुदायबाट वैदेशिक रोजगारमा गएका छन्। वैदेशिक रोजगारमा संलग्न घरधुरीहरु २३९५ जना मध्ये ९९० जना तराई जनजाति, ७६२ जना पहाडी ब्राम्हण क्षेत्री, २१८ जना पहाडी दलित, १६५ जना मुस्लिम, १४१ जना पहाडी जनजाति, ६२ जना तराई ब्राह्मण क्षेत्री, ४५ जना तराई दलित र १२ अन्य समुदायका रहेका छन्।



चित्र-३: वैदेशिक रोजगारमा रहेका व्यक्तिको जातिगत

वैदेशिक रोजगारमा रहेको कुल संख्या मध्ये क्रमशः पुरूष २१३७ जना र महिलाको संख्या २५८ जना रहेको छ। उमेरगत रुपमा तुलना गर्दा २१ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरु सवैभन्दा बढि ८७.३९ प्रतिशत (२०९३ जना) वैदेशिक रोजगारमा रहेको पाईएको छ। त्यसै गरी ४१ देखि ५० वर्ष उमेर समुहका ०.६४ प्रतिशत (१५५जना), १८ देखि २० वर्ष उमेर समुहका (९जना) र सो भन्दा माथि उमेर समूहका ७ जना व्यक्तिहरु वैदेशिक रोजगारमा रहेको अवस्था छ। उक्त तथ्यांकलाई नियाल्दा अधिकांश उर्बर उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा रहेको पाईएको छ।



चित्र-४: वैदेशिक रोजगारमा रहेका व्यक्तिको लैंगिक विवरण



चित्र-५: वैदेशिक रोजगारमा रहेका व्यक्तिको उमेरगत

जसले गर्दा नगरपालिका भित्रका वस्तीहरु युवाको उपस्थिति न्यून बन्दै गएको अवस्था छ। जसको कारण स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा युवा जनशक्तिको अभाव हुँदै गईरहेको अवस्था छ। परिणाम स्वरुप युवाको न्यून उपस्थिति र सहभागिताको अवस्थाले समग्र सामाजिक संरचना तथा विकास प्रक्रियालाई नै असर गर्ने देखिन्छ।

### ३.२. मुख्य गन्तव्य मुलुक र पेशा सम्बन्धी विवरण:

बुद्धभूमि नगरपालिकाबाट वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको मुख्य गन्तव्य मलेसिया र खाडीमुलुक रहेको पाईएको छ। सबै भन्दा बढि साउदी अबरमा कार्यरत युवाहरु २२.९६ प्रतिशत (५५० जना) रहेका छन्। त्यस पछि क्रमस मलेसिया २२.०९ प्रतिशत (५२९ जना), कतारमा १७.६२ (४२२ जना), संयुक्त अरव इमिरेट्स यूएइ/दुवई १४.८२ प्रतिशत (३५५ जना), र कुवेत १६४ जना, जापान ५५ जनार अमेरिका ३० जना कोरिया ३२ जना र ६.६ प्रतिशत (१५८जना) युवाहरु अन्य मुलुकहरुमा गएका छन्। गन्तव्यमुलुक सम्बन्धी विस्तृत विवरण चित्र नं. ६ मा उल्लेख गरिएको छ।

चित्र-६: वैदेशिक रोजगारमा रहेका व्यक्तिको मुख्य गन्तव्य मुलुक




चित्र-७: सीप तालिम सिकेर वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण




चित्र-८: वैदेशिक रोजगारमा रहेका व्यक्तिले गरिरहेको पेशा



वैदेशिक रोजगारमा रहेका करिब ८४.५१ प्रतिशत युवाहरु अदक्ष (लेबर) कामदारको रुपमा गरिरहेको पाईएको छ। बाँकी युवाहरु विभिन्न पेशामा रोजगारी गरिरहेको जानकारी चित्र नं. ७ मा विस्तृत रुपमा उल्लेख गरिएको छ। उक्त चित्रबाट दक्ष कामदारको रुपमा कार्यरत युवाहरुको संख्या अति न्यून रहेको देखिन्छ। फलस्वरुप वैदेशिक रोजगारबाट अपेक्षा अनुरुपको कमाई तथा प्रतिफल प्राप्त भईरहेको अवस्था छैन। साथै गन्तव्य मुलुकमा काम गर्ने सन्दर्भमा युवाहरुले विभिन्न दुर्घटना तथा कठिनाई भोग्नु परेको अवस्था पनि देखिएको छ। उक्त तथ्यले भविष्यमा वैदेशिक रोजगारमा जाने युवाहरुलाई लक्षित गरी गुणस्तरीय सीप विकासका तालिमहरु व्यवस्थापन तथा संचालनमा जोड दिनु पर्ने देखिन्छ। तालिम लिएर गएका व्यक्तिहरुको सीपको उपयोग सम्बन्धी विवरण र विदेशमा पुगे पछि प्राप्त सीपको बारेमा तुलनात्मक जानकारी लिन चित्र नं. ७ र ८ लाई तुलना गरेर हेर्न सकिन्छ।

### ३.३. सुरक्षित वैदेशिक रोजगारको प्रक्रिया अवलम्वनको अवस्था:

वैदेशिक रोजगारीलाई सुरक्षित, ब्यवस्थित, मर्यादित र प्रतिफलयुक्त बनाउनका लागि वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयम् नै सुरक्षित आप्रवासन प्रक्रियाको बारेमा जानकारयुक्त हुनुका साथै गन्तव्यमुलुकमा गर्नु पर्ने कामको विषयमा सीपयुक्त हुनु उत्तिकै जरुरी छ। उक्त प्रक्रियागत सूचना तथा जानकारी र सीपले वैदेशिक रोजगारीबाट प्राप्त हुने लाभको वृद्धि गर्न र पूर्व प्रश्थान लागत न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्छ। तर यस नगरपालिकाबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर र सीप सिकेर वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या न्यून रहेको पाईएको छ। विदेशमा कार्यरत कुल २३९५ जना युवाहरु मध्ये २७ प्रतिशतले मात्र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना तथा जानकारी लिएर वैदेशिक रोजगारीमा गएको पाईएको छ। त्यसै गरी सीप तालिम सिकेर जानेको संख्या पनि अत्यन्तै न्यून रहेको छ। वैदेशिक रोजगारमा रहेका समग्र संख्यालाई विश्लेषण गर्दा करिब १५.४९ प्रतिशत युवाहरुले मात्र सीप तालिम सिकेर विदेश गएका छन्। बाँकी ८४.५१ प्रतिशत युवाहरु कुनै पनि सीप तालिम नसिकी विदेश गएको पाईएको छ। विदेशमा कार्यरत २३९५ युवाहरु मध्ये २९ प्रतिशतले विदेश पुगेपछि केहि न केहि सीप हाँसिल गरेर सोही अनुसार काम गरिरहेको जानकारी प्राप्त भएको छ। यो संख्यालाई घटाएर हेर्दा विदेशमा रहेका व्यक्तिहरुको ठुलो संख्या अदक्ष कामदारको रुपमा काम गरिरहेको अवस्था छ। फलस्वरुप उनीहरुले गन्तव्य मुलुकमा सोंचे अनुरुपको आर्थिक लाभ प्राप्त गर्न नसक्नुका साथै कार्यस्थलमा दुर्घटना लगायतका विभिन्न खालका जोखिम तथा कठिनाईहरुको सामाना गर्नु परिरहेको विवरण तथ्यांक संकलनको क्रममा प्राप्त भएको छ। यसको साथै पर्याप्त सूचना तथा जानकारीको अभावमा युवाहरुले वैदेशिक रोजगारमा जाने क्रममा ठगी लगायतका विभिन्न समस्याहरु भोग्नु परेको घटनाहरु पनि तथ्यांक संकलनको क्रममा भेटिएको छ। प्राप्त जानकारी तथा तथ्यांकलाई नियाल्दा यस नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरुलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पूर्व प्रस्थान र आवश्यक सूचना प्रवाह र सीप विकास सम्बन्धीका आवश्यक तालिमहरुको व्यवस्थापन तथा संचालन गर्नु पर्ने देखिन्छ।

चित्र-९: सूचना लिएर वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण




चित्र-१०: घरपरिवारमा अत्यावश्यक कागजपत्र छाडेर जानेको संख्या



वैदेशिक रोजगारको क्रममा ठगी लगायतको समस्याहरुमा पर्दा न्याय प्राप्त गर्नको लागि आवश्यक प्रक्रिया लगायतको विषयमा पनि जानकारी न्यून रहेको पाईएको छ। जसले गर्दा वैदेशिक रोजगारका क्रममा समस्यामा परेका व्यक्तिहरुको न्याय प्राप्तिमा पर्याप्त पहुँच पुगिरहेको अवस्था छैन। उक्त अवस्थालाई सम्बोधन गर्न वैदेशिक रोजगारको क्रममा समस्या भएमा न्याय तथा सहयोग प्राप्त गर्नको लागि आवश्यक पर्ने कागजपत्रको सुरक्षा सम्बन्धी सचेतना वृद्धिका अभियानहरु संचाल गर्नु पर्ने देखिएको छ। वैदेशिक रोजगारमा रहेको कुल संख्या २३९५ जना लाई विश्लेषण गर्दा करिब २७ प्रतिशतले मात्र अत्यावश्यक कागजत्र (राहदानी, सम्झौता पत्र, पैशा तिरेको भरपाई, मेडिकल, वीमा वा श्रम स्वीकृति लिदाको User ID & password आदी) को प्रतिलिपी घरपरिवारमा छोडेका छन्। जुन कागजपत्रहरु समस्या परेमा सहयोग तथा न्याय प्राप्तिका लागि अनिवार्य आवश्यक हुन्छ।

चित्र-१०: वैदिशिक रोजगारमा जानको लागि विमानस्थलको प्रयोग




विदेशमा कार्यरत युवाहरु मध्ये ९४.४९ प्रतिशत (२२६३ जना) ले नेपालको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा गएका छन्। करिव ५.५१ जना युवाहरु थाहा छैन र भारतको बाटो भएर वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ। भारतको बाटो भएर वैदेशिक रोजगारमा जाँदा अलेखवद्ध हुने र ठगी लगायतका समस्या तथा जोखिम पर्ने सम्भावना हुने हुनाले वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरुलाई लक्षित गरी यस विषयमा स्थानीय स्तरमा सचेतना विस्तार गर्नु पर्ने देखिन्छ। भारत बाहेक अन्य मुलुकमा रोजगारीमा गएका मध्ये करिब ४७.९३ प्रतिशत (११४८ जना) युवाहरु मेनपावर कम्पनी (ईजाजत प्राप्त संस्था) मार्फत वैदेशिक रोजगारीमा गएको तथ्यांक प्राप्त भएको छ। तथ्यांकमा ४०.७९ (९७७ जना) प्रतिशत युवाहरु मेनपावर कम्पनी (एजेन्ट मार्फत) वैदेशिक रोजगारीमा गएको संख्या देखिए पनि उक्त कम्पनी सम्म पुग्नको लागि बिचौलिया (स्थानीय एजेन्ट)हरुको सहारा लिनु पर्ने अवस्था हाल सम्म पनि विद्यमान रहेको पाईएको छ। स्थानीय युवाहरुको मेनपावर कम्पनी सम्म प्रत्यक्ष पहुँच नहुनु साथै दुरदराजका वस्तीहरुमा अन्तराष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताको बारेमा सूचनाहरु नपुग्ने हुनाले बिचौलिया (स्थानीय एजेन्ट) प्रति निर्भर हुनु पर्ने वाध्यात्मक अवस्था देखिन्छ। जसले गर्दा बिचौलिया (स्थानीय एजेन्ट)हरु को विभिन्न खालका चलखेलका कारण प्रक्रियागत ढिलाई हुनुका साथै अधिकांश युवाहरुले सरकारले तोकेको लागतको सीमा भन्दा १० देखि २० गुणा सम्म बढि रकम तिर्नु पर्ने अवस्था देखिएको छ। ३४ जना युवाहरु G to G-Government to Government प्रक्रिया मार्फत कोरिया लगायतका मुलुकहरुमा गएका छन्। वैदेशिक रोजगारमा जाने माध्यम सम्बन्धी थप विवरण चित्र नं. ११

चित्र-११: वैदेशिक रोजगारमा जाने माध्यम सम्बन्धी विवरण



मा विस्तृत रुपमा उल्लेख गरिएको छ। कोरिया लगायतको देशमा कार्यरत युवाहरुले तुलनात्मक रुपमा धेरै राम्रो लाभ लिन सकेको र प्रक्रियागत कठिनाईहरु पनि सामना गर्नु नपरेको सकारात्मक जानकारीहरु प्राप्त भएको छ।

सरकारले खाडी मुलुक तथा मलेसिया जानको लागि फ्रि भिषा फ्रि टिकटको व्यवस्था गरेको छ। बैदेशिक रोजगारीमा जाँदा तिरेको लागत संख्या मध्ये २३.०९ प्रतिशत (५५३ जना) युवाहरू २ लाख देखि माथि पैसा तिरी विदेश गएका पाइयो। २१ जना युवाहरु मात्र फ्रि भिषा फ्रि टिकटको प्रावधान अनुसार विदेश गएको पाईएको छ। एघार हजार देखि तीस हजार सम्म तिरेर विदेश जानेको संख्या १५ जना रहेका छन्। एकतिस हजार देखि पचास हजार सम्म तिरेर विदेश जानेको संख्या २४ जना र ५१ हजार देखि ८० हजार सम्म तिरेर विदेश जानेको संख्या १९ जना, ८१ हजार देखि १ लाख सम्म तिर्नेको संख्या ९८ जना रहेका छन्। बाँकी ६९.५२ प्रतिशत (१६६५ जना) ले एक देखि दुई लाख वा सो भन्दा माथी सम्म बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई रकम बुझाएको अवस्था छ। उक्त तथ्यांकलाई नियाल्दा सरकारले फ्रि भिषा फ्रि टिकटको व्यवस्था गरे पनि त्यसको कार्यान्वयनको अवस्था न्यून रहेको पाईएको छ। सरकारले लागू गरेको व्यवस्था तथा सुरक्षित वैदेशिक रोजगारीको विषयमा स्थानीय युवाहरुमा जानकारीको कमी हुनु, गन्तव्य मुलुकमा गर्नु पर्ने काम सम्बन्धीको सीप नहुनु साथै वैदेशिक रोजगारको समग्र प्रक्रियामा बिचौलिया (स्थानीय एजेन्ट) प्रतिको निर्भरता बढ्नाले यस्तो अवस्था सिर्जना भईरहेको आंकलन गर्न सकिन्छ। उक्त समस्यालाई न्युनीकरण गर्नको लागि वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरुको सूचना तथा सीपमा पहुँच वृद्धि गर्दै बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावरको अनाधिकृत चलखेललाई नियमन गर्नु जरुरी छ। अतः यस क्षेत्रमा योजनाबद्ध रुपमा विभिन्न सचेतना, परामर्श तथा सीप तालिमका कार्यक्रमहरु संचालन गर्नुका साथै सम्बन्धित निकायहरुको प्रभावकारी नियमन गर्नु पर्ने आवश्यक देखिन्छ।

चित्र-१२: वैदेशिक रोजगारमा जाँदा तिरेको लागत




माथिको तथ्यांकलाई हेर्दा वैदेशिक रोजगारमा गएका युवाहरुले बिचौलिया (स्थानीय एजेन्ट) मेनपावर कम्पनीहरुलाई सरकारले तोकेको लागतको सीमा भन्दा धेरै गुणा बढि रकम तिर्नु परिरहेको अवस्था देखिएको छ। जसको लागि वैदेशिक रोजगारमा कार्यरत रहेका २३९५ युवा मध्ये ६४.२६ प्रतिशतले ऋण लिएको अवस्था छ। उक्त ऋण साथीभाई तथा साहुमहाजनबाट चर्को व्याजमा लिएको तथ्यांक प्राप्त भएको छ। करिब ०.७५ प्रतिशत युवाहरुले १२

देखि २४ प्रतिशतमा, ३७.९५ प्रतिशत युवाले १३ देखि १८ प्रतिशतमा व्याजमा ऋण लिएको अवस्था छ। त्यस्तै १४ जनाले २५ देखि ३६ प्रतिशत माथिको व्याजदरमा ऋण लिएको पाइयो। र ६ जनाले सो भन्दा पनि माथि व्याजदरमा ऋण लिई वैदेशिक रोजगारमा गएको पाइयो। वैंक तथा वित्तीय संस्थाबाट जम्मा २६.३९ प्रतिशत युवाले मात्र ऋण लिएको अवस्था छ। उक्त तथ्यले वैंक तथा वित्तीय संस्थामा युवाहरुको पहुँच कमजोर रहेको देखिन्छ।

**चित्र-१३: वैदेशिक रोजगारमा जाँदा लिएको ऋणको व्याजदर**




### ३.४. वैदेशिक रोजगारबाट विप्रेषणको प्राप्ति तथा उपयोगको अवस्था:

वैदेशिक रोजगारको सवल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो। प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जना गर्न सकेमा चक्रीय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक

चित्र नं. १४ : वडागत रूपमा विप्रेषणको प्राप्तिको अवस्था र उपयोगः




अवस्थाको न्यूनीकरणमा मद्दत पुग्न सक्छ। यस नगरपालिकामा वार्षिक रुपमा ६३ करोड ५२ लाख १८ हजारको हाराहारीमा विप्रेषण भित्रिने गरेको संकलित तथ्यांकले देखाएको छ। उक्त विवरण वैदेशिक रोजगारमा रहेका २३९५

जना कामदारको परिवारले एक वर्षमा प्राप्त गरेको  विप्रेषणको रेर्कडको आधारमा तयार गरिएको हो । वार्षिक रुपमा प्राप्त भएको समग्र विप्रेषणलाई २३९५ जनाको मासिक कमाईको रुपमा गणना गर्दा वैदेशिक रोजगारमा रहेको युवाहरुले प्रति व्यक्ति प्रति महिना औषत २२ हजार २०१ को हाराहारीमा परिवारलाई विप्रेषण पठाईरहेको अवस्था छ। करिब ६० प्रतिशत परिवारले उक्त विप्रेषण मनी ट्रान्स्फर कम्पनी (IME) बाट प्राप्त गर्ने गरेको तथ्यांक प्राप्त भएको छ। वैदेशिक रोजगारमा रहेको २३९५ मध्ये करिब १२ प्रतिशत युवाहरुले परिवारलाई विप्रेषण पठाएको अवस्था छैन। कतिपय युवाहरु भर्खरै गन्तव्य  मुलुक पुगको, केहि युवाहरुले गन्तव्य मुलुकमा नै वचत गर्ने गरेको र कतिपय  युवाहरु विभिन्न समस्यामा रहेकोले उनीहरुले विप्रेषण नपठाएको विवरण प्राप्त भएको छ।

माथि उल्लेखित एक वर्षमा प्राप्त भएको कुल ६३,५२,१८,००० विप्रेषण मध्ये ७९ प्रतिशत खाडि मुलुक, मलेसिया

चित्र- १५: विप्रेषण प्राप्तिको देशगत विवरण (%)




तथा कोरिया, जापान, तथा अमेरिका, युरोप लगायतका देशमा काम गरिरहेका व्यक्तिहरुले पाईएका छन् । यस मध्ये सबै भन्दा बढि साउदी अबरबाट २६.१७ प्रतिशत, कतारबाट १८.६८ प्रतिशत प्राप्त भएको छ। त्यस पछि क्रमस मलेसियाबाट १७.११ प्रतिशत, यु.ए.ई. बाट १४.२५ प्रतिशत, कुबेटबाट ६.४७ प्रतिशत विप्रेषण प्राप्त भएको छ। र अन्य युरोपियन देश तथा कोरिया जापान तथा अमेरिका लगायतका देशबाट पनि ठुलो मात्रमा विप्रेषण हाम्रो पालिमा प्राप्त हुने गरेको पाइयो। थप विवरण चित्र नं. १५ मा विस्तृत रुपमा उल्लेख गरिएको छ। प्राप्त तथ्यांकलाई हेर्दा बुद्धभूमि नगरपालिका भित्र ठुलो आकारमा विप्रेषण भित्रिने गरेको पाईएको छ। उक्त विप्रेषणले आधारभूत आवश्यकता परिपूर्ति गर्नुको साथै निम्न वर्गीय परिवारको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच वृद्धि भएको अवस्था छ। समग्रमा हेर्दा विप्रेषणले स्थानीय जानजीवनलाई आर्थिक रुपमा महत्वपूर्ण टेवा पुर्याई रहेको छ। नगरपालिका भित्र ठुलो आकारमा विप्रेषण प्राप्त भईरहेको भए पनि त्यसको समुचित व्यवस्थापन तथा उत्पादनमुलक क्षेत्रमा परिचालनको लागि व्यक्तिगत तथा संस्थागतरुपमा योजनावद्ध प्रयासको कमी देखिएको छ। प्राप्त विप्रेषणको ठुलो हिस्सा करिब ३७.१८ प्रतिशत ऋण तिर्न खर्चमा भएको, त्यस्तै १८.२७ प्रतिशत घर बनाउनमा खर्च भएको पाइयो। त्यस्तै जिन्सी सम्पत्ती जोड्नमा १६.९१ प्रतिशत  प्रयोग भएको देखिएको छ। त्यसै गरी घर खर्च तथा शिक्षामा क्रमशः ६.२० र ६.०७ प्रतिशत,  स्वास्थ्य उपचार ५.७८ प्रतिशतको

हाराहारीमा खर्च हुने गरेको पाईएको छ। कुल विप्रेषणको करिब ४.९० प्रतिशत रकम बराबर बचत गरेको पाईएको छ। बचत गर्ने अधिकांश परिवारले वैंकमा बचत गरेका छन्। सीमित संख्याले लघुवित्त संस्था, सहकारी र स्थानीय समुहहरुमा पनि बचत गरेको पाईएको छ।

चित्र-१६: प्राप्त विप्रेषणको उपयोगको अवस्था




व्यवसाय शुरुवातमा ०.९९ प्रतिशत मात्र रकम उपयोग भएको पाईएको छ। उक्त तथ्यांकलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरुवात तथा प्रवर्द्धनमा प्रयोग भईरहेको अवस्था छ। अतः विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीय स्तरको श्रोत साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा आवश्यकतामा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ। विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्दै स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्न सके चक्रीय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक अवस्थाको न्युनीकरण गर्नमा पनि मद्दत पुग्न सक्ने देखिन्छ।

### ३.५ वैदेशिक रोजगार क्रममा कामदारले सामना गर्नु परेका समस्याहरुः

वैदेशिक रोजगारको क्रममा विभिन्न मुलुकमा कार्यरत युवाहरुले नेपालमा करार सम्झौता बमोजिमको काम तथा तलब नपाएको लगायतको विभिन्न समस्याहरु भोगिरहेको पाईएको छ। त्यस्ता समस्याहरुमा पर्ने युवाहरुको कुल संख्या १५२ जना रहेको छ। समस्यामा परेका मध्ये सबै भन्दा धेरै युवाहरुले नेपालमा करार सम्झौता बमोजिमको तलब सुविधा नपाएको घटना भेटिएका छन्। त्यस पछि करार सम्झौता अनुसारको काम र तलब दुवै नपाएको र सम्झौता बमोजिमको

काम नपाएको घटना भेटिएका छन् । त्यसको अलवा आफु कार्यरत कम्पनी मालिकले स्वदेश फर्कन नदिएको, खाना तथा तलब सुविधा नपाएको समस्याहरु तथ्यांक संकलनको क्रममा भेटिएका छन् । उक्त घटनाहरुको विस्तृत विवरण चित्र नं. १७ मा उल्लेख गरिएको छ।

चित्र-१७: वैदेशिक रोजगारमा कार्यरत युवाहहरुले भोगिरहेका समस्याहरु




गन्तव्यमुलुकमा कार्यरत युवाहरुले यस्ता समस्याहरु भोगिरहेको भए पनि सहयोग गर्ने निकाय तथा प्रक्रियाको बारेमा जानकारीको कमी हुँदा अधिकांश व्यक्तिहरुले कुनै पनी कानुनी प्रक्रिया अगाडी नबढाएको अवस्था देखिएको छ। त्यसै गरी भविष्यमा त्यस्ता घटनाहरु कम गर्न उक्त विषयमा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्न जरुरी देखिन्छ। साथै प्राप्त १५२ वटा समस्याहरुमा आवश्यक सहयोग गर्न सदरमुकाम स्थित आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालय(प्रमुख जिल्ला अधिकारी), वैदेशिक रोजगार वोर्ड, वैदेशिक रोजगार विभाग तथा गन्तव्यमुलुक स्थित कुटनैतिक निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्नु पनि उत्तिकै जरुरी देखिन्छ।

### ३.६. वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारले सामना गर्नु परेका अप्ठ्याराहरुः

वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप तथा विप्रेषणले देशको समग्र आर्थिक विकासमा योगदान पुगिरहेको भए पनि वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुले ठगी लगायतका विभिन्न खालका समस्याहरु भोग्नु परिरहेको अवस्था विद्यमान छ । अर्कोतिर उनीहरुको अनुपस्थितिमा परिवारका सदस्यहरुमा पारिवारिक व्यवस्थापन, सामाजिक कार्य तथा पेशागत जिम्मेवारीका कारण कार्यबोझ बढिरहेको छ। बालबालिकाहरुलाई उचित हेरचाह एवम् जेष्ठ नागरिकहरुलाई अपेक्षाकृत रुपमा सेवा र सहयोग नभएको अनुमान गर्न सकिन्छ। कतिपय परिवारका जेष्ठ नागरिकहरु सहारा विहीन बन्दै गईरहको अवस्था पनि पाईएको छ। समग्रमा भन्नु पर्दा वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरु पनि सिर्जना हुँदै गईरहेको छ। कतिपय समस्या देख्न सकिन्छ। कतिपय समस्याहरु विचार तथा भावनासँग जोडिएकोले महसुस तथा आंकलन मात्र गर्न सकिन्छ। परिवारका सदस्यहरुमा मानसिक चिन्ता, पारिवारिक बेमेल, घरेलु हिंसा, आत्महत्या, आरोप-लाछाना तथा दोस्रो विवाहको घटनाहरु जस्ता समस्याहरु उल्लेख्य संख्यामा देखिएका छन्। वैदेशिक रोजगारमा गएका घरधुरीको तथ्यांकलाई हेर्दा १० जना पुरुष सहित ६ जनाले दोस्रो विवाह गरेको तथ्यांक प्राप्त भएको छ। तालिका (चित्र नं.१९) मा नियाल्दा जेष्ठ नागरिक तथा बालबालिकाहरु एक्लिएको, परिवारिक बेमेल

लगायतका ५८३ वटा घटनाहरु प्राप्त भएका छन् ।

उक्त जानकारी समुदायका मुख्य सूचनादाताहरु (समुदायका शिक्षक, स्वयंसेविका लगागत स्थानीय जानिफकारहरु) मार्फत प्राप्त भएको हो । यस्ता सूचनाहरु नितान्त व्यक्तिगत विषय भएकोले थाहा पाउन र संकलन गर्न चुनौतीपूर्ण भएकोले यो संख्या नै पूर्ण नहुन सक्छ। तथापी यो संख्याले प्रतिनिधि घटनाहरुको उजागर गरेको छ। साथै यी घटनाहरुको व्यक्तिगत गोपनीयता र संवेदनशीलतालाई मध्यनजगर गरी यहाँ कुल संख्या मात्र उल्लेख गरिएको छ।

चित्र नं.-१८: वैदेशिक रोजगारमा हुँदा परिवारले सामना गर्नु परेका अप्ठ्याराहरु




विकासका प्राथमिकताहरु भौतिक विकासको क्षेत्रमा केन्द्रित हुँदा यस्ता पारिवारिक तथा सामाजिक समस्याहरु ओझेलमा पर्दै गईरहेको छ । यस्ता समस्याहरुलाई समयमा नै सम्बोधन गर्न सके स्वास्थ्य समाज निर्माण भई विकास प्रक्रिया चुस्त रुपमा अघि बढ्न सक्छ। नगरपालिकाले यस्ता समस्या तथा सवाललाई उचित रुपमा सम्बोधन गर्नका लागि आवश्यक योजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

## ३.७. वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आन्तरिक बसाई सराई सम्बन्धी विवरण:

वैदेशिक रोजगारले आन्तरिक बसाईसराईको क्रमलाई बढावा दिएको तथ्य विभिन्न अध्ययनहरुले उजागर गर्दै आएको विषय हो । विप्रेषणको प्राप्ति सँगै आर्थिक स्तर बढे पछि गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सुविधा उपभोगको हिसावले मानिसहरु दुर्गमबाट सुगम अर्थात नगर बाट शहर तिर बसाई सर्ने प्रक्रिया नियमित र स्वभाविक जस्तै भएको छ। यस नगरपालिकाका ८५ परिवारहरुले नगरपालिकाको कार्यालय भएको क्षेत्र, सदरमुकाम तौलिहवा बजार, प्रदेशको राजधानी (बुटवल) लगायतको क्षेत्रमा बसाई सरेर जाने योजना बनाएको जानकारी प्राप्त भएको छ। यसको साथै उक्त क्षेत्रमा वैदेशिक रोजगारमा रहेका ४० जनाले घडेरीको रुपमा जग्गा किनेको तथ्यांक प्राप्त भएको छ। तालिका १९ र २० मा विस्तृत रुपमा हेर्नु होला।

चित्र नं.-१९: वैदेशिक रोजगारमा संलग्न परिवारको बसाई सरेर जाने योजना




चित्र नं.-२०: वैदेशिक रोजगारमा संलग्न परिवारले घडेरी किनेको विवरण



## ३.८. विविधः

वैदेशिक रोजगारमा संलग्न घरधुरीका बालबालिकालाई अंग्रेजी माध्यमबाट गुणस्तरीय शिक्षा दिने योजनामा पकडी, तौलिहवा, बुटवल, भैरहवा तथा काठ्माण्डौं लगायतका शहरमा रहेको नीजि विद्यालयहरुमा पढ्न पठाएको तथ्यांक प्राप्त भएको छ। सो आंकडाले स्थानीय समुदायहरुको नीजि विद्यायल प्रतिको आकर्षण बढिरहेको अवस्था दर्शाउछ। उक्त अवस्थालाई विश्लेषण गर्दै स्थानीय सरकारी विद्यालयहरुमा पनि अंग्रेजी माध्यमबाट पठनपाठन शुरु गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सके अंग्रेजी भाषाकै लागि नगरपालिकाबाट पढ्नको लागि बाहिर जाने अवस्थालाई कम गर्न सकिने सम्भावना देखिन्छ।

चित्र नं.-२१: बालबालिकालाई नीजि विद्यालय पढ्न पठाएको संख्या



# खण्ड-चार

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिसँग सम्बन्धित विवरण

## ४. वैदेशिक रोजगारीबाट फर्केकाका व्यक्तिहरुको जनसांख्यिक विवरणः

बुद्धभूमि नगरपालिकाबाट वैदेशिक रोजगारमा गएका कुल ४२४५ जना मध्ये १७६४ जना व्यक्तिहरु स्वदेश फर्केर आएको तथ्यांक प्राप्त भएको छ। फर्केर आएका जम्मा व्यक्ति मध्ये ७ जना महिला रहेका छन्। वडा नं. २ मा सबै भन्दा बढि ६८० जना व्यक्तिहरु विदेशबाट फर्केर आएका छन्। वडा नं. ७ मा सवै भन्दा कम ६१ जना व्यक्ति विदेशबाट फर्केर आएका छन्। फर्केर आएका व्यक्तिहरुको विस्तृत वडागत विवरण तालिका (चित्र नं. २.१) मा उल्लेख गरिएको छ।




वैदेशिक रोजगारबाट फर्केर आएका मध्ये अधिकांश युवाहरु २ बर्ष सम्म विदेश बसेर फर्केर आएको पाईईएको छ। यसरी २ बर्ष सम्म बसेर फर्किने युवाको संख्या ३७.५३ प्रतिशत रहेको छ। साथै सबै भन्दा कम समय ६ महिना मात्र बसेर फर्किनेको संख्या ४४ जना देखिन्छ। यस सम्बन्धी विवरण तल दिएको तालिका (चित्र नं. २.२) मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

**तालिका नं.२.२**

| वार्ड नं | १ बर्ष सम्म बस्नेको संख्या | २ बर्ष सम्म बस्नेको संख्या | ३ बर्ष सम्म बस्नेको संख्या | ३ वर्ष भन्दा बढी समय सम्म बस्नेको संख्या | ६ महिना सम्म बस्नेको संख्या |
|---|---|---|---|---|---|
| १ | २ | २५ | ५९ | ४६ | |
| २ | ४३ | ३०२ | १०५ | २३० | |
| ३ | ८ | ७७ | ५८ | ४३ | ७ |
| ४ | २४ | ८५ | ९७ | १३ | १ |
| ५ | १ | २२ | २१ | | ४ |
| ६ | २ | २६ | ७ | ३१ | ३ |
| ७ | | ७ | १९ | २८ | ७ |
| ८ | ४ | १३ | ३३ | २७ | ४ |
| ९ | १३ | ५९ | ४२ | ८९ | ११ |
| १० | १ | ४६ | १० | २ | ७ |
| जम्मा | ९८ | ६६२ | ४५१ | ५०९ | ४४ |

## ४.१ वैदेशिक रोजगारीबाट फर्केकाका व्यक्तिहरुको जातिगत, लैंगिक तथा उमेरगत विवरणः

वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु मध्ये ४८.३६ प्रतिशत व्यक्तिहरु पहाडी र तराई जनजाति समुदायका छन्। त्यसै गरी पहाडी र तराई ब्राम्हण क्षेत्री ६५४ जना, पहाडी र तराई दलित १५५ जना रहेको पाईएको छ। बाँकी मुस्लिम ७१ जना र अन्य मधेशी ३१ जना रहेका छन्। वैदेशिक रोजगारबाट फर्केका कुल संख्या मध्ये महिलाको संख्या ४०७ जना रहेको छ। उमेरगत रुपमा तुलना गर्दा ३१ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरु सवैभन्दा बढि ११२७ जना वैदेशिक रोजगारबाट फर्किएका छन्। त्यसै गरी १८ देखि २९ उमेर समूहको ६८ जना, २१ देखि ३० वर्ष उमेर समुहका ९०४ जना, ३१ देखि ४० वर्ष उमेर समुहका ६४३ जना र सो भन्दा माथि उमेर समूहका १४९ जना व्यक्तिहरु वैदेशिक रोजगारबाट फर्किएको पाईएको छ। बाँकी ६९ जना १८ देखी २० वर्ष उमेर समूहका रहेका छन्।

चित्र नं. २.४: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको उमेरगत विवरण




तालिका नं.२.३
वैदेशिक रोजगारीबाट फर्केकाका व्यक्तिको जातिगत




## ४.२ वैदेशिक रोजगारीबाट फर्किनुका कारणः

वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्ति मध्ये ६५.९९ प्रतिशत (११६४ जना) व्यक्तिहरुले करार सम्झौता अवधि पूरा भएका कारण फर्केर आएका छन्। ३.२३ प्रतिशत (५७ जना) व्यक्तिहरु उनीहरु कार्यरत रहेको कम्पनी बन्द भएर र २.६६ प्रतिशत (४७ जना) व्यक्तिहरु कोरोनाले गर्दा कम्पनीले करार अवधी नसकि नै पठाएकोले फर्किएको अवस्था छ। त्यसै गरी अन्य कारणले २१.८८ प्रतिशत (३८६ जना), स्वास्थ्य समस्या भएर २.४९ प्रतिशत (४४ जना), राजिनामा दिएर पारिवार सँग बस्न चाहेका ५९ जना, मेडिकल फेल भएर ७ जना रहेको छ।

चित्र नं. २.५

| वार्ड नं | अन्य | कम्पनी टुटेर | कम्पनी ले करार अवधी नसकी नै पठाएर | मेडिकल फेल भएर | राजिनामा दिएर परिवारसँग रहन | सम्झौता सकिएर | स्वास्थ्य समस्या भएर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | | १ | | | १३० | | **१३२** |
| २ | ५ | ६ | १३ | | ९ | ६३२ | १५ | **६८०** |
| ३ | ७४ | १३ | ४ | | ५ | ९३ | ४ | **१९३** |
| ४ | २ | १२ | १४ | ५ | ३ | १८३ | १ | **२२०** |
| ५ | २ | | ३ | १ | | ४२ | | **४८** |
| ६ | ५९ | २ | | | ४ | १ | ३ | **६९** |
| ७ | ५५ | | | | २ | १ | ३ | **६१** |
| ८ | ६० | २ | २ | | ७ | ६ | ४ | **८१** |
| ९ | १२५ | २२ | ७ | | २९ | १७ | १४ | **२१४** |
| १० | ३ | | ३ | १ | | ५९ | | **६६** |
| **जम्मा** | **३८६** | **५७** | **४७** | **७** | **५९** | **११६४** | **४४** | **१७६४** |

## ४.३. मुख्य गन्तव्य मुलुक तथा फर्केर आएका व्यक्तिहरुले आर्जन गरेका सीप तथा दक्षताः

यस नगरपालिकामा सबै भन्दा बढि व्यक्तिहरु मलेसिया र खाडीमुलुकबाट फर्केर आएका छन्। जम्मा १७६४ जना मध्ये मलेशिया बाट सबै भन्दा बढि ४३४ जना युवाहरु फर्केका छन्। त्यस पछि क्रमस यू.ए.ई. दुवई ३१५ जना, साउदी अबरबाट ३०० जना र कुवेटबाट २५७ जना र अन्य देशबाट १९२ जना कोरियाबाट ७० जना कतारबाट ७१ जना र अन्य लगाएतका देशहरुबाट युवाहरु फर्केर आएको तथ्यांक प्राप्त भएको छ। बाँकी विवरण चित्र नं. २.६ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।



चित्र-२.६: वैदेशिक रोजगारबाट फर्केको व्यक्तिको मुख्य गन्तव्यमुलुक

वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु मध्ये ४२.०६ प्रतिशत अर्थात ७४२ जनाले (प्रमाण पत्र सहित) कुनै न कुनै सीप तालिम लिएर फर्केको पाईएको छ। यस सम्बन्धी विस्तृत विवरण चित्र नं. २.७ मा उल्लेख गरिएको छ।

चित्र नं. २.७

| वडा नं. | अन्य | अल्मुनियम फेब्रिकेटर | इलेक्ट्रिसियन | कार्पेन्टर | कुक | कृषि सम्बन्धी काम | क्लिनर | गार्मेन्ट | घेरलु कामदार | ड्राइभर | छैन | पेन्टर | प्लम्बर | मेसन | वेटर | वेल्डर | सेक्युरिटी गार्ड | सेल्समेन | स्काफफोल्डर | स्टिल फिक्चर | हाउस किपिंग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७३ | | ८ | ३ | ४ | | ४ | ३ | १ | ७ | १ | १ | २ | २ | ३ | | ७ | १० | १ | | २ | **१३२** |
| २ | २४३ | ९ | २४ | २३ | २९ | २४ | १७ | १४ | ९९ | ५९ | २२ | १० | २० | १५ | १८ | ११ | ३० | ९ | १ | २ | १ | **६८०** |
| ३ | १०३ | २ | १२ | २ | ७ | १ | ५ | २ | ३ | ४ | ५ | ३ | ६ | ३ | ७ | ३ | ६ | १४ | | ३ | २ | **१९३** |
| ४ | २६ | १ | २ | २ | ९ | १० | ५३ | १ | २८ | २ | ४३ | १२ | ३ | ६ | ४ | ३ | ९ | ४ | २ | | | **२२०** |
| ५ | १३ | | २ | | | | ७ | | १ | | ४ | ५ | २ | ३ | २ | ३ | ३ | १ | २ | | | **४८** |
| ६ | ६७ | | | | | | | | | १ | १ | | | | | | | | | | | **६९** |
| ७ | ६१ | | | | | | | | | | | | | | | | | | | | | **६१** |
| ८ | ६० | | ४ | ४ | | १ | ३ | १ | | १ | | १ | १ | २ | | | | | १ | | २ | **८१** |
| ९ | १२२ | १ | ४ | ४ | ९ | ४ | १२ | २ | ६ | ११ | ३ | ३ | ३ | | ८ | ३ | ११ | ७ | | | १ | **२१४** |
| १० | ६ | | | ४ | | १ | ६ | २ | १ | | ५ | १ | ९ | १० | ३ | १० | २ | २ | १ | २ | १ | **६६** |
| **जम्मा** | **७७४** | **१३** | **५६** | **४२** | **५८** | **४१** | **१०७** | **२५** | **१३९** | **८५** | **८४** | **३६** | **४६** | **४१** | **४५** | **३३** | **६८** | **४७** | **८** | **७** | **९** | **१७६४** |

यसरी वैदेशिक रोजगारबाट फर्किदा सीप तथा दक्षता लिएर आएका व्यक्तिहरुलाई क्षेत्रगत विज्ञताको आधारमा योजनावद्ध रुपमा परिचालन गर्न सके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण सहयोग पुग्न सक्ने देखिन्छ। कतिपय व्यक्तिहरु सँग सीप तथा दक्षता हुँदा हुँदै पनि साथमा प्रमाण पत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरुमा पतिस्पर्धामा सहभागी हुन बन्चित हुनु परेको समस्याहरु पनि प्राप्त भएका छन्। वैदेशिक रोजगारबाट फर्केर आएकाले आफुसँग भएको सीपलाई परिक्षण गर्ने योजना रहेको बताएका छन्। यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरुसँगको सहकार्यमा सीप परिक्षण र प्रमाणीकरण सम्बन्धिका कार्यक्रमहरु सञ्चालन गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ।

## ४.४ वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरुको अवस्था, संलग्नता तथा योजनाः

वैदेशिक रोजगारीबाट फर्केका १७६४ जना मध्ये ६१४ जना व्यक्तिहरु बेरोजगार रहेको र उनीहरु जागिरको खोजिमा रहेको तथ्यांक प्राप्त भएको छ। रोजगारको खोजिमा रहेको संख्या ठुलो भए पनि हालसम्म जागिर गरिरहेको ३६ जना, स्वरोजगारमा संलग्न संख्या करिब २०७ जना, होटेल व्यवसाय गरिरहेका ९ जना, कृषि पेशा गरिरहेको ३३३ जना, पशुपालन ३६ जना र अन्य व्यावसायमा संलग्न ८६ जना मात्र रहेको पाईएको छ। त्यसै गरी ४४३ जना मानिसहरु तत्काल पुनः वैदेशिक रोजगारीमा जानलाई प्रक्रियामा रहेको पाईएको छ।

चित्र नं. २.८ वैदेशिक रोजगारीबाट फर्केकाहरुको अवस्था




स्वरोजगार गरिरहेका व्यक्तिहरु स्थानीय स्तरमा तरकारी खेती, फलफूल खेती, बाख्रापालन, व्यापार तथा कुखुरा पालन लगागतका क्षेत्रमा संलग्न रहेको पाईएको छ। जसको विस्तृत तलको तालिकामा प्रस्तुत गरिएको छ।

त्यसैगरी ४२ जना युवाहरुले स्थानीय स्तरमा आय आर्जन सम्बन्धिका क्रियाकलापहरु शुरुवात गर्ने योजना बनाएको पाईएको छ। जसको वडागत विवरण चित्र नं. २.९ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

**चित्र नं. २.९ व्यावसाय शुरु गर्ने योजना भएका व्यक्तिको संख्या**

| वार्ड नं | अन्य | कुखुरा पालन | गाईपालन | तरकारी खेती | यही रोजगार गर्ने | वंगुरपालन | वाख्रापालन | होटल व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | | | | | १ | | | २ |
| २ | ५ | १ | | | १ | | | १ | ८ |
| ३ | ४ | | | | १ | १ | ३ | | ९ |
| ४ | | | | | | १ | १ | | २ |
| ५ | | | | १ | | | | | १ |
| ६ | | | | | | | | | ० |
| ७ | | | | | | | | १ | १ |
| ८ | १ | | | | | | | | १ |
| ९ | ६ | ४ | १ | | | २ | ४ | | १७ |
| १० | | | | १ | | | | | १ |
| **जम्मा** | **१७** | ५ | **१** | | २ | ५ | ८ | २ | ४२ |

विदेशमा मेहनतको साथ कमाएको रकमलाई आयमुलक क्रियाकलाप तथा व्यवसाय संचालनमा लगानी गर्ने सोंच आफैमा महत्वपूर्ण छ। व्यवसाय शुरुवात गर्ने योजना बनाएका सबै युवाहरुमा सो सम्बन्धी ज्ञान, सीप तथा पर्याप्त पूँजी नभएको अवस्था पनि देखिएको छ। यस्तो अवस्थामा उनीहरुले बनाएको योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार मार्फत प्राविधिक सहयोग तथा सहुलियत कर्जा लगायतको सहयोगको अपेक्षा राखेको तथ्यांक पनि प्राप्त भएको छ। यसरी अपेक्षा राख्ने मध्ये १४२ जनाले व्यवसाय सम्बन्धी थप तालिम, ११जनाले व्यवसायमा छुट, ८ जनाले आवश्यक सामाग्री सहयोग र ३९० जनाले सहुलियत कर्जाको अपेक्षा देखाएको छ। त्यस्तै कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्न चाहेका ४२ जना युवाले नेपालमै व्यवसाय गर्न चाहेका र ती मध्ये ३४ जनाले विभिन्न प्रकारका सीपयुक्त तालिम सिक्न चाहेको पाईयो। वैदेशिक रोजागारीबाट फर्किएर आएका अन्य सफल व्यवसायीहरु संग सिकाई आदान प्रदान र थप उर्जा, उत्प्रेरणा समेत जगाउन आवश्यक सहजिकरण गर्न सक्ने अवसर देखिन्छ। यसको अलवा उनीहरुले कच्चा सामाग्रीको सहज उपलव्धता, सिंचाई सुविधा, अनुदान प्राप्ति, बजार व्यवस्थापन लगायतको चुनौतिहरुमा आवश्यक सहजिकरणको अपेक्षा राखेका छन्। जसलाई विस्तृत रुपमा अनुसूची २ मा उल्लेख गरिएको छ।

# खण्ड-पाँच

## नगरपालिका भित्रको वैदेशिक रोजगारसँग सम्बन्धित महत्वपूर्ण सवालहरु

### ५. नगरपालिका भित्रको वैदेशिक रोजगारसँग सम्बन्धित महत्वपूर्ण सवालहरु तथा सुझावहरु

| महत्वपूर्ण सवाल तथा सुझावहरु | प्रस्तावित क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| • यस बुद्धभूमि नगरपालिकावाट सीप तालिम सिकेर वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या अत्यन्त न्यून रहेको पाईएको छ। विदेशमा कार्यरत २३९५ जना युवा मध्ये ३७१ जना (१५.४९ प्रतिशत) ले मात्रै सीप सिकेर गएका छन्। परिणाम स्वरुप वैदेशिक रोजगारमा रहेका युवाहरुले अपेक्षा अनुरुपको तलव तथा सुविधाहरु प्राप्त गर्न सकिरहेको अवस्था देखिदैंन। गन्तव्य मुलुकमा गर्नु पर्ने काम सम्बन्धी सीपको अभावले युवाहरुले कार्यथलोमा विभिन्न खाले अवहेलना खेप्नुका साथै जोखिमपूर्ण काम गर्नु परिरहेको जानकारी प्राप्त भएको छ। यी सवाल तथा समस्याहरुलाई सम्बोधनका लागि वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरुलाई लक्षित गरी सीप तालिमको महत्वको बारेमा व्यापक सचेतना विस्तार गर्नु पर्ने देखिन्छ। साथै वैदेशिक रोजगारीमा जाने निर्णय गरिसकेका युवाहरुलाई लक्षित गरी सम्बन्धित निकायहरुसँगको समन्वयमा सीप तालिम सम्बन्धीका कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ। | • सीप तालिमको महत्वको बारेमा व्यापक सचेतना विस्तारको लागि वडा कार्यालय तथा नाकाहरुमा जानकारीमूलक होडिङ वोर्ड राख्ने।<br>• जानकारीमुलक पर्चा पम्प्लेट विकास गरी वितरण गर्ने,<br>• वस्ती तथा वडा तहमा सचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने। | • वडा कार्यालय र नगरपालिकाको कार्यालय। |
| • सुरक्षित आप्रवासन प्रक्रिया तथा गन्तव्यमूलुकको हावापानी, धर्मसंस्कृति, ट्राफिक नियम लगायतका बारेमा जानकारी नलिइ वैदेशिक रोजगारमा जाने क्रममले ठगी, अलपत्र तथा विभिन्न खाले समस्याहरु रहेको पाइएको छ। वैदेशिक रोजगारमा कार्यरत करिब ८२.१७ प्रतिशत युवाहरुले सूचना तथा परार्मश नलिएर गएकोले विभिन्न प्रकारका समस्याहरु भोगिरहेका छन्।<br>• वैदेशिक रोजगारीमा गएका मध्ये करिब १६.४५ प्रतिशतले मात्र वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना तथा परामर्श लिएर गएको पाईएको छ। उक्त तथ्यांकलाई नियाल्दा स्थानीय स्तरमा सुरक्षित वैदेशिक रोजगारको विषयमा सचेतनाका विभिन्न क्रियाकलापहरु संचालन गर्नु पर्ने आवश्यक देखिन्छ। | • सम्भावित ठगीबाट जोगिन र सुरक्षित वैदेशिक रोजगारको विषयमा सचेतना विस्तार गर्न वस्ती तथा वडा तहमा सचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने साथै वडा कार्यालय तथा नाकाहरुमा जानकारीमूलक होर्डिङ वोर्ड राख्ने।<br>• ठगी लगायतका विभिन्न समस्यामा परेका व्यक्तिहरुलाई आवश्यक सहयोग तथा सहजिकरणका लागि जिल्ला प्रशासन कार्यालय, वैदेशिक रोजगार विभाग, कन्सुलर विभाग, दुतावास लगायतका निकायहरुसँग समन्वय गर्ने। | • वडा कार्यालय र नगरपालिकाको कार्यालय। |

| | | |
|---|---|---|
| • नगरपालिका भित्र वार्षिक करिब ६३ करोड ५२ लाख १८ हजार विप्रेषण भित्रिने गरेको छ। उक्त रकमको अधिकांश हिस्सा घरखर्च, स्वास्थ्य, शिक्षा, ऋण तिर्न लगायतको क्षेत्रमा खर्च भएको पाईएको छ। यसको अलवा करिब ४.९० प्रतिशत रकम बचत र ०.९९ प्रतिशत मात्र व्यवसाय संचालन तथा आयआर्जनका क्षेत्रमा परिचालन भएको पाईएको छ। यस्तो अवस्थामा विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालनको लागि स्थानीय श्रोत, साधन तथा बजारको अवस्था विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा तथ्यगत नीति तथा योजना निर्माण तथा कार्यान्वयन मार्फत स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्न सकेमा चक्रिय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने अवस्थालाई न्यूनिकरण गर्न सकिने देखिन्छ। | • वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा संचालन गर्ने,<br>• गरीबी निवारणका लागि उद्यमशीलता (मेड्पा) कार्यक्रममा आवद्ध गर्ने, नगरपालिकाको कृषि, सहकारी, महिला तथा अन्य शाखाहरुका कार्यक्रमहरुमा सहभागिता गराई विप्रेषणलाई सदुपयोग गर्ने ज्ञान, सीप अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने | • वडा कार्यालय र नगरपालिकाको कार्यालय। |
| • नगरपालिका भित्र वार्षिक करिब ६३ करोड ५२ लाख १८ हजार विप्रेषण भित्रिने गरेको छ। उक्त रकमको अधिकांश हिस्सा घरखर्च, स्वास्थ्य, शिक्षा, ऋण तिर्न लगायतको क्षेत्रमा खर्च भएको पाईएको छ। यसको अलवा करिब ४.९० प्रतिशत रकम बचत र ०.९९ प्रतिशत मात्र व्यवसाय संचालन तथा आयआर्जनका क्षेत्रमा परिचालन भएको पाईएको छ। यस्तो अवस्थामा विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालनको लागि स्थानीय श्रोत, साधन तथा बजारको अवस्था विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा तथ्यगत नीति तथा योजना निर्माण तथा कार्यान्वयन मार्फत स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्न सकेमा चक्रिय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने अवस्थालाई न्यूनिकरण गर्न सकिने देखिन्छ। | • वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा संचालन गर्ने,<br>• गरीबी निवारणका लागि उद्यमशीलता (मेड्पा) कार्यक्रममा आवद्ध गर्ने, नगरपालिकाको कृषि, सहकारी, महिला तथा अन्य शाखाहरुका कार्यक्रमहरुमा सहभागिता गराई विप्रेषणलाई सदुपयोग गर्ने ज्ञान, सीप अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने | • वडा कार्यालय र नगरपालिकाको कार्यालय। |
| • वैदेशिक रोजगारीका कारण व्यक्ति तथा परिवारमा बेमेल, घरेलु हिंसा, आरोप लान्छाना, बृद्धबृद्धाहरु एक्लिने (सहारा विहीन) जस्ता घटना भेटिएका छन्। जसको कारणले गर्दा व्यक्ति तथा परिवारमा मनोसामाजिक समस्याहरु देखिन थालेका छन्। समग्रमा भन्नु पर्दा वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्यहरु पनि सिर्जना हुँदै गईरहेको छ। भौतिक निर्माणको क्षेत्रमा विकासका प्राथमिकताहरु केन्द्रित हुँदा यस्ता सामाजिक समस्याहरु ओझेलमा पर्दै गईरहेको अवस्था छ। | • उक्त समस्याहरुलाई समयमा नै सम्बोधन गर्नको लागि नगरपालिका मार्फत पारिवारिक/सामाजिक पुनःएकिकरण तथा मनोसमाजिक परामर्श सेवा लगायतका पहलहरु योजनावद्ध रुपमा सञ्चालन हुन सके सन्तुलित विकासमा सघाउ पुगी चुस्त समाज निर्माणमा मद्दत पुग्ने देखिन्छ। | • स्वास्थ्य शखा, वडा कार्यालय र नगरपालिकाको कार्यालय। |

| | | |
|---|---|---|
| • परिवारका सदस्यहरु वैदेशिक रोजगारमा गएका कारण जेष्ठ नागरिकहरुलाई अपेक्षाकृत रुपमा हेरचाह तथा आवश्यक सहयोग प्राप्त भइरहेको छैन । कतिपय परिवारका जेष्ठ नागरिकहरु सहारा विहीन बन्दै गईरहको अवस्था पनि पाईएको छ। वैदेशिक रोजगारमा संलग्न कुल ४२४५ घरधुरी मध्ये करीव ३१२ घरधुरीमा जेष्ठ नागरिकहरु मात्र बासोबास गरिहेको पाईएको छ। | • स्थानीय विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठनलाई प्रभावकारी रुपमा संचालन गर्न सके उक्त क्रमलाई न्यूनिकरण गर्न सक्ने देखिन्छ।<br>• एक्लिएका बालबच्चा तथा जेष्ठ नागरिकहरुको लागि राहत तथा सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने । | • शिक्षा शाखा, वडा कार्यालय र नगरपालिकाको कार्यालय। |
| • कतिपय व्यक्तिहरु सँग सीप तथा दक्षता हुँदा हुँदै पनि साथमा प्रमाण पत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरुमा पतिस्पर्धामा सहभागी हुन बन्चित हुनु परेको समस्याहरु पनि प्राप्त भएका छन् । यस्ता व्यक्तिहरु मध्ये ९५ जनाले आफुसँग भएको सीपलाई सिक्ने गर्ने योजना रहेको बताएका छन् । यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरुसँगको सहकार्यमा सीप परिक्षण सम्बन्धिका कार्यक्रमहरु सञ्चालन गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ। | | • वडा कार्यालय र नगरपालिकाको कार्यालय। |
| • वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु मध्ये २७ जना व्यक्तिहरु विभिन्न स्वरोजगारी/व्यवसायमा संलग्न रहेको देखिन्छ। यसको अलवा ४२ जना युवाहरुले स्थानीय स्तरमा आय आर्जन सम्बन्धिका क्रियाकलापहरु शुरुवात गर्ने योजना बनाएको पाईएको छ। उनीहरुको पहलले स्थानीय स्तरमा उत्पादन वृद्धि हुनुका साथै स्वरोजगारी तथा रोजगारी सिर्जना महत्वपूर्ण योगदान पुग्ने देखिन्छ। उनीहरुद्वारा सञ्चालित व्यवसाय तथा उद्यमहरुलाई प्रर्वद्धनका लागि गाँउपालिकाद्वारा आवश्यक्तामा आधारित प्राविधिक सहयोग, अन्य सहयोग तथा अनुदान जस्तै सिचाई सुविधा विस्तार, बजार व्यवस्थापन तथा प्रविधि हस्तान्तरण सम्बन्धीका कार्यक्रमहरुहरु सञ्चालन गर्न सके महत्वपूर्ण सहयोग हुने देखिन्छ। | | |
| • वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक अवस्थालाई न्यूनीकरण गर्ने तर्फ बुद्धभूमि नगरपालिकाको उच्च प्राथमिकता रहेको पाईएको छ । स्थानीय स्तरमा रोजगारी सृजनाका लागि पहलहरु भए पनि युवाशक्तिको लागि गुणस्तरीय एवम् उनीहरुको चाहना अनुरुपको रोजगारीको अवसर उपलव्ध नभईरहेको सन्दर्भमा वैदेशिक रोजगार एउटा बलियो विकल्पको रुपमा देखिएको छ। साथै वैदेशिक रोजगार छनौटको विषय भएकोले यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै यसबाट प्राप्त लाभको वृद्धि गरी लागत न्यूनीकरणमा केन्द्रित हुनु आवश्यक देखिन्छ। जसको लागि सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा नीति निर्माण गर्ने साथै नगरपालिकाको वार्षिक तथा आवधिक योजनाहरुमा सुरक्षित वैदेशिक रोजगार एवं पारिवारिक/सामाजिक पुनः एकिकरणको विषयलाई समावेश गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न सके यस क्षेत्रको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्न सक्छ। | | |

## ५.१ तथांकको सार्वजानिकीकरण, संचार तथा प्रयोग सम्बन्धी योजना

यस पार्श्व चित्रमा उल्लेखित समग्र तथ्यांक, निचोड तथा सवालहरुलाई सम्बन्धित सरोकारवालाहरुको बिचमा आवश्यक छलफल गरी उचित रुपमा सम्बोधन गर्न सके पार्श्व चित्र निर्माण कार्यको उपादेयता बढ्ने देखिन्छ। उक्त निचोड तथा सवालहरुलाई वडा तथा पालिका तहमा हुने विभिन्न छलफल, बैठक तथा अन्तरक्रिया आदिको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुऱ्याउन सकिन्छ। पार्श्व चित्रलाई नगरपालिकाले आफ्नो वेबसाईटमा राखेर पनि यसको प्रसार गर्न सक्दछ। यसको अलवा नगरपालिकाले पार्श्व चित्रको निचोड तथा सवालहरुलाई सम्बन्धित सरोकारवालाहरुलाई आवश्यक कार्ययोजना तयार गरी सम्प्रेषण गर्न सकिनेछ।

नोटः हालसम्म बुद्धभूमि नगरपालिकामा श्रम स्वीकृति र पुनः श्रम स्वीकृति २३ जनाले सेवा लिई सकेका छन्।

यसको साथै वडा, विषयगत समिति तथा नगर कार्यपालिकाले आफ्नो बार्षिक, आवधिक तथा क्षेत्रगत योजना तयार गर्नु पूर्व पार्श्व चित्रले औल्याएका विषय तथा सवालहरुमा आवश्यक छफफल गरी यस क्षेत्रको समुचित सम्बोधनको लागि आवश्यक कार्यक्रम निर्माण तथा सञ्चालनमा गर्न सक्नेछ।

# खण्ड-छ

## तथ्यांक सम्बन्धी अनुसूचीहरु

### अनुसूची–१, वैदेशिक रोजगारमा रहेका व्यक्तिसँग सम्बन्धित विवरणः

| पालिकाको नाम | वार्ड नं | घरमुली | | जम्मा परिवार संख्या | | | वैदेशिक रोजगारमा संलग्न रहेका घर संख्या | जम्मा वैदेशिक रोजगारमा रहेका संख्या | | | उमेरगत विवरण | | | | | | वार्ड नं | जातिगत विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | १८ देखि २० बर्ष | २१ देखि ३० बर्ष | ३१ देखि ४० बर्ष | ४१ देखि ५० बर्ष | ५० बर्ष माथि | जम्मा | | अन्य | तराई जनजाति | तराई दलित | तराई ब्राम्हण क्षेत्री | पहाडी जनजाति | पहाडी दलित | पहाडी ब्राम्हण क्षेत्री | मुस्लिम | जम्मा |
| बुद्धभूमि नगरपालिका | १ | ६५ | ६२ | | | ० | १२७ | ११५ | १२ | १२७ | | ७८ | ३७ | १२ | | १२७ | १ | १ | २४ | | २३ | १५ | १३ | ५१ | | १२७ |
| | २ | १३८ | १२४ | | | ० | २६२ | १३८ | १२४ | २६२ | २२ | १३३ | ८५ | २२ | | २६२ | २ | ७ | ८० | १७ | २६ | ३३ | १२ | ८७ | | २६२ |
| | ३ | १८८ | १९८ | | | ० | ३८६ | ३६४ | २२ | ३८६ | १ | १४१ | २१४ | २९ | १ | ३८६ | ३ | | १३५ | | १ | २३ | ४१ | १८६ | | ३८६ |
| | ४ | १३४ | १०३ | | | ० | २३७ | २१४ | २३ | २३७ | १ | ९१ | १३० | १५ | | २३७ | ४ | | ७५ | | १ | १० | ३० | १२१ | | २३७ |
| | ५ | ११५ | ९३ | | | ० | २०८ | १९५ | १३ | २०८ | १ | १११ | ८० | १५ | १ | २०८ | ५ | | ५८ | ३ | | २ | १८ | ५६ | ७१ | २०८ |
| | ६ | ११२ | ३६ | | | ० | १४८ | १४७ | १ | १४८ | १ | ८६ | ५४ | ७ | | १४८ | ६ | | ११२ | १० | ४ | १ | | | २१ | १४८ |
| | ७ | ७५ | २३ | | | ० | ९८ | ९६ | २ | ९८ | १ | ५५ | ३५ | ६ | १ | ९८ | ७ | २ | ७७ | | ४ | | | ५ | १० | ९८ |
| | ८ | १२० | ६८ | | | ० | १८८ | १८६ | २ | १८८ | १ | ८८ | ८५ | १२ | २ | १८८ | ८ | १ | १३३ | | ३ | २ | ४ | ३२ | १३ | १८८ |
| | ९ | २७८ | २७९ | | | ० | ५५७ | ५०३ | ५४ | ५५७ | २ | २४९ | २५१ | ५३ | २ | ५५७ | ९ | १ | १८८ | | | ५४ | ८९ | २२३ | २ | ५५७ |
| | १० | १०४ | ८० | | | ० | १८४ | १७९ | ५ | १८४ | | ९२ | ८९ | ३ | | १८४ | १० | | १०८ | १५ | | १ | ११ | १ | ४८ | १८४ |
| | जम्मा | १३२९ | १०६६ | ० | ० | ० | २३९५ | २१३७ | २५८ | २३९५ | ९ | ११०१ | ९९२ | १५५ | ७ | २३९५ | जम्मा | १२ | ९९० | ४५ | ६२ | १४१ | २१८ | ७६२ | १६५ | २३९५ |

| वार्ड नं | वैवाहिक अवस्था | | | | | वार्ड नं | गएको देश | | | | | | | | | | | | | | | गएको पटक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अविवाहित | एकल महिला/पुरुष | विवाहित | सम्बन्ध बिच्छेद | जम्मा | | अन्य देश | अफ्रिका | अमेरिका | ओमान | कतार | कुवेत | कोरिया | जापान | जोर्डन | बहराइन | मलेशिया | यु.ए.इ./दुबई | युरोप | साउदी अरब | जम्मा | चौथो पटक | तेश्रो पटक | दोश्रो पटक | पहिलो पटक | पाँचौं पटक भन्दा बढी | जम्मा |
| १ | ४२ | | ८४ | १ | १२७ | १ | ४१ | | ३ | १ | ६ | ५ | २ | ४ | १ | २ | ७ | २४ | ६ | १७ | १२७ | ३ | २० | २६ | ७४ | ४ | १२७ |
| २ | १२३ | ७ | १३२ | | २६२ | २ | ४३ | | ५ | ३ | २२ | १७ | १३ | १३ | ३ | | २१ | ४३ | १८ | ५३ | २६२ | २३ | ५६ | ७८ | १०३ | २ | २६२ |
| ३ | ५४ | २ | ३२९ | १ | ३८६ | ३ | ११ | २ | ४ | २ | ९८ | ११ | ३ | ६ | १ | ३ | ८३ | ६३ | ५ | ८६ | ३८६ | ३० | ५६ | ८५ | २०३ | १२ | ३८६ |
| ४ | ४२ | | १९२ | ३ | २३७ | ४ | ९ | १ | ५ | २ | ३० | १८ | २ | ७ | | | ५८ | ४२ | १२ | ५१ | २३७ | ७ | २६ | ४१ | १५८ | ५ | २३७ |
| ५ | ४८ | | १६० | | २०८ | ५ | २ | | १ | ३ | ५३ | २८ | २ | ४ | | १ | ३३ | ११ | १ | ६१ | २०८ | ८ | ११ | ४० | १३८ | ११ | २०८ |
| ६ | २८ | | १२० | | १४८ | ६ | | | | २ | ३६ | ३ | | | | ३ | ४५ | १४ | | ४५ | १४८ | ४ | २६ | ४७ | ७१ | | १४८ |
| ७ | १६ | | ८२ | | ९८ | ७ | ४ | | | | १५ | २ | | १ | | १ | ५४ | ६ | | १५ | ९८ | ४ | १० | २२ | ६२ | | ९८ |
| ८ | २८ | | १६० | | १८८ | ८ | २ | | | | २८ | १० | २ | | | १ | ७० | ३७ | | ३८ | १८८ | २ | २५ | ५० | १०८ | ३ | १८८ |
| ९ | १०१ | २ | ४५४ | | ५५७ | ९ | ३८ | | १२ | ४ | ८१ | ६१ | ८ | २० | | १ | १०६ | ९३ | १ | १३२ | ५५७ | २७ | ७५ | ११४ | ३०४ | ३७ | ५५७ |
| १० | २९ | ४ | १५१ | | १८४ | १० | | | | १८ | ५३ | १ | | | | २ | ४४ | १४ | | ५२ | १८४ | ३ | ७ | २५ | १४९ | | १८४ |
| जम्मा | ५११ | १५ | १८६४ | ५ | २३९५ | जम्मा | १५८ | ३ | ३० | ३५ | ४२२ | १६४ | ३२ | ५५ | ५ | १४ | ५२१ | ३५५ | ४३ | ५५० | २३९५ | १११ | ३१२ | ५२८ | १३७० | ७४ | २३९५ |

## सीप सिकेर गएकाहरुको बिबरण

| वार्ड नं | अन्य | अल्मुनियम फेब्रिकेटर | इलेक्ट्रिसियन | कुक | कृषि सम्बन्धी काम | केही पनि नसिकी गएको | क्लिनर | गार्मेन्ट | ड्राइभर | पेन्टर | प्लम्बर | फ्याक्टरी वर्कर | मेसन | वेटर | वेल्डर | सेक्युरिटी गार्ड | सेल्समेन | हाउस किपिङ्ग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८ | | २ | १ | १ | ९० | | | ५ | | १ | १ | | १ | | ४ | ३ | | १२७ |
| २ | ५४ | ५ | १८ | २२ | १० | ९३ | १८ | १३ | ४ | ६ | ७ | २ | २ | २ | | ४ | १ | १ | २६२ |
| ३ | ३ | | २ | ४ | | ३६२ | | | ११ | | १ | | १ | | | २ | | | ३८६ |
| ४ | २० | १ | ४ | ८ | ३ | १७६ | १ | | १४ | | | ३ | | | | ७ | | | २३७ |
| ५ | ९ | | १ | १ | १ | १८९ | | | ४ | | | | | | | २ | १ | | २०८ |
| ६ | | | १ | | | १४७ | | | | | | | | | | | | | १४८ |
| ७ | | | | | | ९८ | | | | | | | | | | | | | ९८ |
| ८ | | १ | १ | | | १८६ | | | | | | | | | | | | | १८८ |
| ९ | १० | | ७ | १३ | | ५०९ | | | ११ | | | | | १ | २ | ३ | १ | | ५५७ |
| १० | १ | | २ | | | १७४ | | | ७ | | | | | | | | | | १८४ |
| जम्मा | ११५ | ७ | ३८ | ४९ | १५ | २०२४ | १९ | १३ | ५६ | ६ | ९ | ६ | ३ | ४ | २ | २२ | ६ | १ | २३९५ |

## हाल विदेशमा काम गरिरहेका विवरण

| वार्ड नं | अन्य | अल्मुनियम फेब्रिकेटर | इलेक्ट्रिसियन | कार्पेन्टर | कुक | कृषि सम्बन्धी काम | क्लिनर | गार्मेन्ट | घरेलु कामदार | ड्राइभर | पेन्टर | प्लम्बर | मेसन | लेबर | वेटर | वेल्डर | सेक्युरिटी गार्ड | सेल्समेन | स्काफफोल्डर | स्टिल फिक्चर | हाउस किपिंग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७७ | १ | २ | | ४ | १ | | १ | १ | ६ | | | | ९ | ३ | | ६ | १३ | | २ | १ | १२७ |
| २ | ६८ | १४ | १९ | | १४ | ७ | २२ | १७ | | १२ | ६ | ४ | | ६५ | ३ | | ६ | ४ | | १ | | २६२ |
| ३ | ९४ | १ | ६ | ३ | २५ | ३ | ११ | | ९ | २२ | २ | ३ | ५ | १६५ | १७ | | ११ | ६ | | ३ | | ३८६ |
| ४ | ३६ | | ४ | | १० | ७ | ९ | १ | ११ | १४ | | | | १२२ | | १ | १७ | ५ | | | | २३७ |
| ५ | १८ | | २ | | २ | २ | १८ | | ९ | ४ | | ३ | | १३५ | १ | | ७ | ६ | | | १ | २०८ |
| ६ | १६ | | | | | | | | | १ | | | | १३१ | | | | | | | | १४८ |
| ७ | १९ | १ | १ | | | | | | | | | | | ७४ | | | | १ | | १ | १ | ९८ |
| ८ | १०७ | १ | १ | ३ | १ | १ | ५ | | १ | ३ | १ | ५ | | ५४ | | १ | | ३ | | १ | | १८८ |
| ९ | २७७ | ३ | १४ | ३ | ४५ | ९ | १९ | | २७ | २९ | २ | ५ | ६ | ५८ | १७ | ३ | १७ | १४ | ३ | ४ | २ | ५५७ |
| १० | ३ | | १ | | ४ | ९ | ९ | १ | ५ | ६ | ४ | १ | | १३९ | | | २ | | | | | १८४ |
| जम्मा | ७१५ | २१ | ५० | ९ | १०५ | ३९ | ९३ | २० | ६३ | ९७ | १५ | २१ | ११ | ९५२ | ४१ | ५ | ६६ | ५२ | ३ | १२ | ५ | २३९५ |

| वार्ड नं | आप्रवासी स्रोत केन्द्रवाट सूचना तथा जानकारी लिनेको विवरण | | |
|---|---|---|---|
| | नलिई जाने | लिएर जाने | जम्मा |
| १ | ९७ | ३० | १२७ |
| २ | १६५ | ९७ | २६२ |
| ३ | २०३ | १८३ | ३८६ |
| ४ | १८३ | ५४ | २३७ |
| ५ | १६७ | ४१ | २०८ |
| ६ | ११२ | ३६ | १४८ |
| ७ | ६८ | ३० | ९८ |
| ८ | १३४ | ५४ | १८८ |
| ९ | २९७ | २८० | ५७७ |
| १० | १५३ | ३१ | १८४ |
| जम्मा | १५७९ | ८३६ | २४१५ |

| वार्ड नं | सूचना लिएर गएको हो भने कुन मध्यम बाट सूचना केन्द्र पुग्नु भएको हो | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्य बाट सुनेर | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र (सूचना केन्द्र) मार्फत | रेडियोबाट सुनेर | शिक्षक तथा विधार्थी मार्फत | समुदाय अभिमुखिकरण कार्यक्रम मार्फत | सामीको कर्मचारी मार्फत | सूचना तथा परामर्श नलिएर गएको | जम्मा |
| १ | ६ | | २ | १३ | | | १०६ | १२७ |
| २ | ५ | ३९ | | २९ | १० | ५ | १७४ | २६२ |
| ३ | ६ | १९ | | | | | ३६१ | ३८६ |
| ४ | २ | ६७ | | ९ | | | १५९ | २३७ |
